का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक १५९
❒ १० साउन २०७८, आइतबार
❒ 25 July 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily
राष्ट्रिय दैनिक




# महाधिवेशन हुनेमा आशंका

सत्तारुढ दल नेपाली काँग्रेसको चौधौं महाधिवेशन निर्धारित मितिमै हुनेमा आशंका देखिएको छ । क्रियाशील सदस्यता वितरणको समस्याका कारण वडा अधिवेशन सारिएकाले फेरि पनि महाधिवेशन निर्धारित मितिमै हुनेप्रति आशंका देखिएको हो ।



**सन्दीप विक/मध्यान्ह**
काठमाडौं, ९ साउन ।

सत्तारुढ दल नेपाली काँग्रेसको महाधिवेशन फेरि पनि प्रभावित बनेको छ । क्रियाशील सदस्यता वितरणमा देखिएको समस्याका कारण महाधिवेशन प्रभावित भएको हो । शनिबार बसेको पदाधिकारी र पूर्वपदाधिकारीको बैठकले वडा अधिवेशन स्थगित गर्ने निर्णय गरेको छ ।

क्रियाशील सदस्यता वितरण नसकिएकाले १२ साउनमा निर्धारित गाउँ नगर वडा अधिवेशन स्थगन गर्ने निर्णय गरेको प्रवक्ता विश्वप्रकाश शर्माले बताए । क्रियाशील सदस्यता छानविन समितिका संयोजक रमेश लेखकले समितिको प्रतिवेदन केन्द्रीय नेतृत्वलाई बुझाएपछि मात्रै वडा अधिवेशन हुने भएको छ । सारिएको वडा अधिवेशनको नयाँ मितिबारे भने काँग्रेसले कुनै निर्णय गरेन । कांग्रेस क्रियाशील सदस्यताको सुचीमा पार्टी सभापतिबाट हस्ताक्षर भई केन्द्रीय निर्वाचन समितिलाई बुझाउने अवधि गएको ३० असारभित्र तोकिएको थियो ।

केही जिल्लाको विवादका कारण क्रियाशील सदस्यता वितरण कार्य टुंगिन सकेको छैन । यसले महाधिवेशन कार्यतालिका समेत प्रभावित बन्न पुगेको छ । पाटी सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा निवास बूढानीलकण्ठमा बसेको बैठकले महाधिवेशन निर्धारित समयमै गर्नेगरी कार्यतालिका हेरफेर गर्ने निर्णय गरेको छ ।

गएको ४ असारमा बसेको केन्द्रीय कार्य समिति बैठकले काँग्रेसको चौधौं महाधिवेशन १६-१९ भदौमा गर्ने निर्णय गरेको थियो । भदौमा महाधिवेशन गर्नेगरी बाँकी पृष्ठ २ मा

# महामारीमा लापरबाही

कोरोना महामारीको तेस्रो लहर रोकथाम गर्न जारी गरिएको निषेधाज्ञा अझै कायमै छ भने संक्रमण दरमा सुधार आउन सकेको छैन । तर राजनीतिक दलहरुले भने यसतर्फ उदासिन हुने मात्रै नभएर सभा तथा जुलुस नै गरिरहेका छन् ।



*एमालेका अध्यक्ष केपी शर्मा ओली समर्थक युवा संघले बनाएको युथ फोर्सले शनिबार राजधानीमा निकालेको जुलुस । तस्वीर: रासस*

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, ९ साउन ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका महासचिव ईश्वर पोखरेल प्रमुख अतिथि रहेर शनिबार युथ फोर्सको जुलुस निकालिएको छ । कोरोना महामारीका कारण भीडभाड हुने कुनैपनि काममा रोक लगाइएको छ । शैक्षिक संस्था, फिल्म हल, खेल क्षेत्रमा रोक लगाइएको बेला शनिबार सडक प्रदर्शन भयो । एमालेको विवाद बढेकै कारण अध्यक्ष केपी शर्मा ओली समर्थकहरुले युथ फोर्सको प्रदर्शन भएको छ ।

बिहीबार मात्रै अर्का समूहका नेता माधवकुमार नेपाल समूहले सडक प्रदर्शन गरेको थियो । १२ वर्षपछि ब्युताइएको पिपुल्स भोलियन्टियर्स (पीभी) ब्युताउन युवाहरु सडकमा निस्किएका थिए । प्रतिपक्षी एमालेको विवादका कारण महामारीको वास्ता नगरी सडक प्रदर्शन भइरहेको छ ।

अझ सरकारको नेतृत्व गरेको नेपाली काँग्रेसले पनि महामारीबारे कुनै ध्यान दिएको पाइदैन । भदौमा निर्धारित महाधिवेशनका कारण काँग्रेसभित्र भर्चुएल मात्रै नभएर भौतिक उपस्थिति सहित कार्यक्रम भइरहेको छ । अर्थात् राजनीतिक दलहरुले महामारीलाई पूरै बेवास्ता गरेर गतिविधि गरिरहेका छन् ।

जबकी कोरोना संक्रमण दर भने लगातार बढिरहेको छ । शनिबार मात्रै तीन हजार ११४ जनामा संक्रमण पुष्टि भएको छ । यससँगै नेपालमा संक्रमित संख्या सात लाख ७९ हजार १७ पुगेको छ । शुक्रबार दुई हजार ९७७ जनामा संक्रमण पुष्टि भएको थियो ।

शनिबार १० हजार ६३५ जनाको पिसिआर परीक्षण तथा चार हजार २८५ जनाको एन्टिजेन परीक्षण गरिएको थियो । पिसिआर विधिबाट दुई हजार ३०९ तथा एन्टिजेन विधिबाट परीक्षण गर्दा ८०५ जनामा संक्रमण पुष्टि भएको हो । अहिलेसम्म ६ लाख ४१ हजार ५६५ जना संक्रमित निको भएका छन् । शनिबार मात्रै दुई हजार १९७ संक्रमित निको भए ।

काठमाडौं उपत्यकामा शनिबार थप ६१५ जनामा संक्रमण पुष्टि भएको छ । थपिएका मध्ये काठमाडौंका ४२१, भक्तपुरका ८६ तथा ललितपुरका १०८ जना छन् । काठमाडौं उपत्यकामा सात हजार ६१९ सक्रिय संक्रमित उपचारत छन् । काठमाडौंमा पाँच हजार ५७४, ललितपुरमा एक हजार ११३ तथा भक्तपुरमा ९३२ सक्रिय संक्रमित छन् । शनिबार थप १६ जनाको संक्रमणबाट मृत्यु भएको छ ।

# ओली र नेपालले बनाए लडाकू दस्ता

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ९ साउन ।

नेकपा एमालेको आन्तरिक कलह चर्किँदै जाँदा अध्यक्ष केपी शर्मा ओली र बरिष्ठ नेता माधवकुमार नेपालले आ-आफ्नै लडाकू दस्ता बनाएका छन् । यसले एमाले एकता नभए मूठभेड निम्त्याउने खतरा बढेको छ ।



नेकपा एमालेको एकता जोगाउने प्रयत्नमा दोस्रो तहका नेताहरु निरन्तर लागिपरेका छन् । गएको २३ फागुनमा सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग गर्दै एमाले र माओवादी केन्द्र ब्युतिए पछि नै यी नेताहरुले एकता जोगाउन लागि परेका हुन् । एमालेको एकता जोगाउन भीम रावल, सुवास नेम्वाङ, विष्णुप्रसाद पौडेल, घनश्याम भूसाल, सुरेन्द्र पाण्डे, गोकर्ण बिष्ट, योगेश भट्टराई, शंकर पोखरेल लगायत लागि परेका छन् ।

गएको २७ असारमा नेकपा एमालेको एकता जोगाउन दश बुँदे सहमति जुटेको छ । तर अध्यक्ष केपी शर्मा ओली र बरिष्ठ नेता माधवकुमार नेपाल भने एकअर्का विरुद्ध निषेधमा उत्रिएका छन् । गएको २८ फागुनमा ओलीले माधव समूहलाई भूमिका विहीन बनाउने देखि एमालेको विधान संशोधन र दशौं महाधिवेशनको घोषणा गरेका थिए । संगठनबाट ओलीले अलग गर्ने निर्णय पछि नेता नेपालले पनि ४-५ चैतमा राष्ट्रिय अगुवा कार्यकर्ता भेला गरेर समानान्तर गतिविधि र निर्णय गर्ने घोषणा गरे ।

अहिले पनि एकअर्का विरुद्ध गतिविधि र निर्णय गरिरहेका छन् । पार्टी, संसद् र राजनीतिक निर्णयमा ओली-नेपालको अलग संरचना कायमै छ । एमालेको एकता जोगिन नसक्दा ओलीले प्रधानमन्त्री पद गुमाएका छन् । प्रधानमन्त्री पद नजोगिएपनि आक्रोशित ओलीले लडाकू दस्ता नै निर्माण गरे । ओलीले युथ फोर्स बनाएका छन् भने नेता नेपालले पिपुल्स भोलियन्टियर्स (पीभी) निर्माण गरेका छन् । बिहीबार नेता नेपालले एक हजार एक सदस्यीय पीभी घोषणा गरेका थिए ।

त्यसअघि नै अध्यक्ष ओलीले युथ फोर्स ब्युताएका थिए । युथफोर्स ब्युताए लगत्तै नेता नेपालका तर्फबाट अखिल फोर्स गठन भयो । दुवै तर्फ निर्माण भएको फोर्स एमालेकै इतर समूह विरुद्ध लड्ने उद्देश्यले बनाइएको छ । शनिबार ओली निकट नेता ईश्वर पोखरेलले युथ फोर्सलाई शपथ गराएका छन् । उनले एमाले रक्षाका निम्ति युथ फोर्स बनेको घोषणा गरे ।

यसले एमाले एकता कायम नभए मूठभेडको खतरा बढाएको छ । तर यसतर्फ नेताहरुले कुनै ध्यान दिएको पाइदैन । बरु कार्यकर्तालाई आक्रोशित बनाउनेगरी नेताहरु प्रस्तुत भएका छन् । शनिबार युथ फोर्सलाई शपथ गराउँदै नेता पोखरेलले संविधानको रक्षा, कानूनको पालना, शान्तिपूर्वक प्रतिस्पर्धाको राजनीतिमा जोड दिने बताए । युथफोर्स काठमाडौं उपत्यका कमाण्ड घोषणा तथा शपथग्रहण समारोह सम्बोधन गरेका उनले संविधानको रक्षा, कानूनको पालना र प्रतिस्पर्धाको राजनीतिलाई कमजोर बनाउनेसँग पार्टीले सम्झौता नगर्ने बताए ।

शान्तिपूर्व राजनीतिक प्रतिस्पर्धामा बाँकी पृष्ठ २ मा

# मलेसियाबाट २४ शव र ३ अस्तु नेपाल ल्याइयो

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ साउन

वैदेशिक रोजगारीका क्रममा ज्यान गुमाएका २७ नेपालीको शव शनिबार नेपाल ल्याइएको छ । नेपाल वायु सेवा निगमको वाइडबडी जहाजले मलेसियाबाट २४ वटा शव र उतै दाहसंस्कार गरिएका शवका ३ वटा अस्तु नेपाल ल्याएको हो ।

वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको समन्वयमा नेपाल ल्याइएका ती शव शनिबार नै आफन्तलाई जिम्मा लगाइएको बोर्डले जनाएको छ । विमानस्थलमा शव बुझ्ने आफन्तको कोलाहल र रुवावासीले अवस्था हृदयविदारक बनेको थियो । शवहरुको पहिचान गर्न समेत अलमल रहेको र कसैले कसैलाई पनि सम्झाउन नसक्ने अवस्था बनेको थियो ।

शनिबार तनहुँका झपटबहादुर थापा, पाचँथरका दलबहादुर लावती, पाल्पाका एमबहादुर सुनारी, वाराका रामबहादुर कामु, जाजरकोटका सन्दीप विक, बागलुङका सुनिल बीसी, बर्दियाका मनिराम चौधरी, ललीतपुरका जीतबहादुर मोक्तान, खोटाङका कृष्ण कुमार राईको शव ल्याइएको थियो ।

ल्याइएका शवहरुमध्ये कम्पनीमा काम गर्दागर्दै दुर्घटनामा परेका १ जना, ६ जना झुण्डिएर आत्महत्या गरेका र अन्यको विभिन्न कारणवाट मृत्यु भएको बताइएको छ । ल्याइएका तीन वटा अस्तु मध्ये दुई वटा कोरोना संक्रमित भई मृत्यु भएको थियो भने एक जनाले मलेसियामै आत्महत्या गरेको रेकर्ड रहेको मलेसियास्थित नेपाली दूतावासका द्वितीय सचिव तथा प्रशासनिक प्रमुख अधिकृत प्रतिक कार्कीले जानकारी दिएका छन् ।

शव लिन मलेसिया गएका नेपाल एअरलाइन्सका सिनियर क्याप्टेन विजय लामाले श्रम र पसिना बेच्न विदेश गएका नेपाली दाजुभाइ दिदीबहिनीको शव ल्याउँदा जस्तो दुःख, पीडा अरु कुनै पनि उडान गर्दा नहुने टिप्पणी गरेका छन् । उनले देशमा राजनीतिक खिचातानी छाडेर युवाहरुलाई श्रम र बाँकी पृष्ठ २ मा



## वैदेशिक रोजगार विशेष

# मलेसियामा ओभरस्टे बसेका २८ नेपाली फर्काइँदै

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि मलेसिया गएका २८ जना नेपालीहरु स्वदेश फर्किने तयारीमा छन् । मलेसियाको अध्यागमन विभागका अनुसार ओभर स्टे भएका उनीरुलाई प्रहरीले पक्राउ गरी डिटेन्सन क्याम्पमा राखी जरिवाना तिराएर नेपाल पठाउन लागेको हो । मलेसियामा अवैधानिक रुपमा बसे ३ महिनाको जेल सजाय हुने गरेको छ ।

फर्किन लागेकाहरु मलेसियाको पेनाङस्थित जुरु क्याम्पबाट, सेमेन्तारा रेलाउ र केलानतान क्याम्पमा राखिएकाहरु रहेका छन् । स्वदेश फर्किनु अघि उनीहरुको कोरोना परीक्षण रिपोर्ट नआए उतै रोकिनु पर्ने हुन्छ । उनीहरुलाई स्वदेश फकाउन गैर आवासीय नेपाली संघ (एनआरएनए), प्रवासी नेपाली समन्वय समिति बाँकी पृष्ठ २ मा

# फर्जी एनओसी लिएर युक्रेन जान खोजेका राजवंशी पक्राउ

**काठमाडौं/मस-** विदेश जाने क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गर्ने नो अब्जेक्सन लेटर (एनओसी) को नक्कली प्रति प्रयोग गरी युक्रेन जाने तयारीमा रहेका एक व्यक्ति पक्राउ परेका छन् । झापाको भद्रपुर नगरपालिका-७ घर भएका सुमन राजवंशीले मन्त्रालयबाट अर्कै व्यक्तिको नाममा जारी भएको एनओसी नम्बर ७७१२८९२ को नो अब्जेक्सन लेटरमा आफ्नो विवरण हालेर युक्रेन जान लागेको अवस्थामा पक्राउ परेका हुन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युराले शुक्रबार पक्राउ गरेको राजवंशीलाई थप कारबाहीको लागि महानगरीय प्रहरी परिसर काठमाडौं पठाएको छ । उनको थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ ।


## Vacancy Announcement

*A reputed manpower company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-* Salary: Negotiable

| क्र.स. | पद | संख्या |
|---|---|---|
| १ | Office Manager | १ |
| २ | International Market | २ |
| ३ | Documentation | २ |
| ४ | PRO | ३ |

नोटः International Market का लागि यूरोपका विभिन्न देशहरुमा काम गर्ने र Documentation का लागि साउदी अरब देशको काम गरेका लाई विशेष प्राथमिकता दिईनेछ ।

Govt.Lic.No.: 517/061/062
Rightway Enterprises Pvt. Ltd.
Aaloknagar Minbhawan-31
Kathmandu, Nepal
Tel : 01-4106275, 4106276
Mob: 9823859301, 9851152281
Email: cv2hrdepart@gmail.com

# कूटनीतिक तरिकाबाट सीमा समस्या समाधान गरिनुपर्छ : मुख्यमन्त्री भट्ट



**कञ्चनपुर/मस**-सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री त्रिलोचन भट्टले सीमासम्बन्धी विवाद कूटनीतिक तवरबाट समाधान गरिनुपर्ने बताएका छन् ।

बेलौरी नगरपालिकामा शनिबार आयोजित छलफल कार्यक्रममा उनले सीमा क्षेत्रमा देखिने विवादका बारेमा पटक-पटक केन्द्रीय सरकारलाई समाधानका लागि दबाब दिइँदै आएको बताए । उनले भने, 'अन्तर्राष्ट्रिय सीमा समस्या हल गर्ने अधिकार प्रदेश सरकारलाई छैन । समस्या समाधानका लागि दबाब सिर्जना गर्ने कार्य हुँदै आएको छ ।' सीमा समस्याबारे केन्द्रीय सरकारलाई सुझाव दिने कार्य हुँदै आएको उनले बताए ।

मुख्यमन्त्री भट्टले सीमासम्बन्धी विवाद हुँदा आम नागरिकलाई तनाव हुने गरेको उल्लेख गर्दै सीमा क्षेत्रका बासिन्दाले देखाएको राष्ट्रभक्तिले सीमा क्षेत्रको रक्षा भएको बताए । बेलौरीस्थित छोटी भन्सार कार्यालयको स्तरोन्नतिका लागि केन्द्रीय सरकारसमक्ष कुरा राख्ने उनले बताए ।

यसैबीच, शनिबार कृष्णपुर नगरपालिका-१ पहरियामा राष्ट्रिय माध्यमिक विद्यालयले आयोजना गरेको कार्यक्रममा मुख्यमन्त्री भट्टले सामुदायिक विद्यालयको लगानीअनुरुपको गुणस्तर कायम हुन नसकेकोप्रति असन्तुष्टि व्यक्त गरेका छन् ।

उनले भने, 'सरकारी विद्यालय खोल्न जति जोड गर्दछौं । विद्यालय सञ्चालनमा आएपछि व्यवस्थापनमा चासो दिइँदैन । त्यसको समीक्षा हुनु जरुरी छ ।' सरकारको विद्यालयमा लगानी धेरै छ, लगानीअनुरुपका प्रतिफल नआउनुको कारण खोज्नुपर्ने बेला आएको उनले बताए । 'म प्रदेशको मुख्यमन्त्री हुँ, मेरा छोराछोरी सरकारी विद्यालयमा पढ्छन्,' उनले भने, 'विद्यालयमा पढाउने शिक्षकले आ-आफ्ना छोराछोरीलाई संस्थागत विद्यालयमा पढ्नका लागि पठाउने गरेका छन् । आफैँले पढाएको विश्वास नभएर पठाउने गरेका हुन् वा अन्य कुनै कारण छ यसको खोजी गरिनुपर्छ ।' मुख्यमन्त्री भट्टले घरपछिको शिक्षा दिने ठाउँ विद्यालय रहेको चर्चा गर्नुहुँदै विद्यार्थीमा नैतिकताको पाठ सिकाइनुपर्ने बताए । शिक्षा क्षेत्रको विकासका लागि प्रदेश सरकारले नयाँ नीति ल्याउन लागेको उनले बताए ।

सामाजिक विकासमन्त्री लालबहादुर खड्काले शिक्षा, स्वास्थ्य र खेलकूदलगायतका क्षेत्रमा देखिने गरी प्रगति भइरहेको बताए ।

मुख्यमन्त्री भट्ट, सामाजिक विकासमन्त्री खड्का तथा प्रदेशसभा सदस्यद्वय महेशदत्त जोशी र कुलवीर चौधरीसहितको टोलीले आज बेलौरी कलुवापुर सडकखण्ड, कलुवापुर नाइल-बुडर सडकखण्ड र दैजी-लिप्ना सडकखण्डको स्थलगत अवलोकन गरेको छ ।

# सार्वजनिक बिदामा बिना पास चलाइएका सवारी साधन नियन्त्रणमा

**सन्तोश पौडेल/मध्यान्ह**
खोटाङ, ९ साउन


जिल्ला प्रहरी कार्यालय खोटाङ

सार्वजनिक बिदाका दिन बिना पास चलाइरहेका सवारी साधान प्रहरीले नियन्त्रणमा लिएको छ । सार्वजनिक बिदाका दिन पास बिना चलाइएका विभिन्न जिल्लाका सरकारी सवारी साधन खोटाङ प्रहरीले नियन्त्रणमा लिएको हो ।

जिल्लाको हलेसी तुवाचुङ नगरपालिका वडा नम्बर ६ मंगलटार वडा कार्यालयको प्रदेश नम्बर -१-००५-००१ ब ११०१ नम्बरको मोटरसाइकल, मोरङको धनपाल गाउँपालिकाको को १ झ ५४१ नम्बरको स्कार्पीयो र सोलुखुम्बु जिल्लाको महाकुलुङ गाउँपालिकाको प्रदेश नम्बर १-००२-००१ ब ३१० ९ नम्बरको मोटरसाइकल इलाका प्रहरी कार्यालय हलेसी र ट्राफिक प्रहरीले नियन्त्रण लिएको जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी एवं प्रहरी निरीक्षक अमरप्रसाद गजमेरले मध्यान्हलाई बताए ।

निरीक्षक गजमेरका अनुसार शनिबार साँझ ५ बजे बिना पास चलाइएको सरकारी सवारी साधन नियन्त्रणमा लिइएको र एकपटकका लागि सार्वजनिक बिदाका दिन सवारी साधनको दुरुपयोग नगर्ने शर्तमा छाडिएको बताए । जिल्लामा हाल सार्वजनिक बिदाका दिन सरकारी सवारी साधनको दुरुपयोग गर्नेको संख्या बढ्दै गएको छ ।

# बल्खुको ट्राफिक भवन शिलान्यास



**काठमाडौं/मस**- महानगरीय ट्राफिक प्रहरी प्रभाग बल्खुको भवन शिलान्यास गरिएको छ । काठमाडौं महानगरपालिका-१४ बल्खु हाइटमा रु ३५ लाख लागतमा निर्माण गरिन लागेको भवनको शनिबार महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक जनक भट्टराईले शिलान्यास गरेका हुन् ।

कार्यक्रममा महाशाखाका प्रमुख भट्टराईले नागरिकको साथ सहयोग र मायाले नै ट्राफिक प्रहरी अगाडि बढ्ने बताए । 'समाजमा प्रहरीले गरेको योगदान र माया स्वरूप हामीले नयाँ भवन प्राप्त गर्दैछौं, समाजप्रति झन् उत्तरदायी र सशक्त रूपमा अगाडि बढ्न र नागरिकले गरेको माया सद्भावनाले ठूलो उत्प्रेरित गरेको छ', उनले भने ।

सडक दुर्घटना न्यूनीकरणदेखि सामाजिक अपराध न्यूनीकरणमा नागरिक प्रहरीको सहकार्य उत्तिकै महत्वपूर्ण रहेको उनको भनाइ थियो । ट्राफिक प्रहरीको कामकाज सहज बनाउनका लागि कुमारी क्लबको संयोजनमा र स्थानीयवासीको सहयोगमा उक्त भवन निर्माण गर्न लागिएको हो ।

महाशाखा प्रमुख भट्टराईले उपत्यकाको ट्राफिक व्यवस्थापन विगतको भन्दा धेरै कुरामा सहज भएको उल्लेख गरे । भवन निर्माण समितिका अध्यक्ष मोहनकुमार बस्नेतले समाज प्रहरी दुवैको सहकार्यबाट समाजमा शान्तिसुरक्षा कायम हुने बताए । 'जहाँ प्रहरी हुन्छ, त्यहाँ शान्ति सुरक्षा हुन्छ', उनले भने ।

कार्यक्रममा वडा नं १४ का सदस्य एवं कार्यपालिका सदस्य रश्मी खड्का, महानगरीय प्रहरीवृत्त कालिमाटीका प्रमुख अपिलराज बोहोरा, स्थानीय समाजसेवी दिपेन्द्र केसी, महानगरीय ट्राफिक प्रहरीवृत्त कलंकीका प्रमुख शंकर खड्कालगायतको उपस्थिति थियो । उक्त भवन एक भान्साकोठासहित चारकोठे हुनेछ ।

# मनाङ अनुगमनमा सेनाको प्राविधिक टोली



**नविन अंकुर/मध्यान्ह**
मनाङ, ९ साउन

बाढीपहिरोका कारण जोखिममा परेको हिमाली जिल्ला मनाङको सडक सञ्जाल पूर्णरूपमा विच्छेद छ । लामो समयदेखि सडक, सञ्चार, विद्युत्बाट टुटेको मनाङको पुनःव्यवस्थापन गर्नुपर्ने अवस्था छ । बाढीपहिराले बगाएको सडकको निसानसमेत विलिन छ । मर्स्याङ्दी नदीको किनारैकिनार हुँदै मनाङका विभिन्न स्थान पुग्ने सडक सञ्जालका प्रायजसो ठाउँमा नयाँ ट्र्याक खोल्नुपर्ने भएको छ । सडकको निसान पूर्णरूपमा बाढीपहिरोले बगाएको छ ।

उक्त स्थानमा नयाँ ट्र्याक निर्माण गर्न मिल्ने नमिल्नेबारे जानकारी लिन तथा सुरक्षित सडक सञ्जाल निर्माणका लागि अध्ययन तथा अनुगमन गर्न पूर्वश्रम तथा रोजगार राज्यमन्त्री एवं नेपाली कांग्रेस मनाङका सभापति टेकबहादुर गुरुङ सैनिक प्राविधिकको टोलीसहित मनाङ पुगेका छन् ।

पूर्वमन्त्री गुरुङ नेपाली सेनाका महासेनानी इञ्जिनीयर इन्दीवर गुरुङ, अन्य प्राविधिक टोली, गण्डकी प्रदेशसभा सदस्यद्वय चिन्ताबहादुर घले र यशोदा सुवेदी गुरुङ, प्रमुख जिल्ला अधिकारी विष्णु लामिछाने, जिल्लाका प्रमुख प्रहरी नायब उपरीक्षक सुवास खड्का र समाजसेवी खामसुङ गुरुङ नेपाली सेनाको हेलिकप्टरमार्फत अध्ययन तथा अवलोकनका लागि पुगेका हुन् ।

गुरुङले सदरमुकाम चामेमा मर्स्याङ्दी नदीले क्षति पुऱ्याएको मोटरेबल पुल, झोलुङ्गे पुल तथा नदी कटान गरेको लोकप्रिय माध्यमिक विद्यालयको निरीक्षण गरेका छन् । साथै मोटरेबल पुल र विद्यालय भवनको संरक्षणका विषयमा प्राविधिकसँग छलफलसमेत गर्नुभएको छ । सदरमुकाम चामेको एक मात्र सामुदायिक आवासीय लोकप्रिय माध्यमिक विद्यालयको संरक्षणमा विशेष चासोको विषय बनेको छ ।

प्राविधिकसहितको टोलीले धारापानी र ताल क्षेत्रको पनि स्थलगत अवलोकन तथा अध्ययन गरेको स्थानीयवासी थुदेन लामाले जानकारी दिए । टोलीले विभिन्न समयमा आएको बाढीपहिरोले अवरुद्ध रहेको बेँसीशहर-चामे सडकखण्ड पुनःसञ्चालन गर्नका लागि अध्ययन गर्ने प्रमुख जिल्ला अधिकारी विष्णु लामिछानेले जानकारी दिए ।

प्राविधिक टोलीको नेतृत्व गर्नुभएका नेपाली सेनाका मिलिटेरी इञ्जिनीयर सेवाका प्रमुख महासेनानी गुरुङकै टोलीले बेँसीशहर-चामे सडकको नयाँ ट्र्याक खोल्ने कार्य गर्नेसमेत प्रजिअ लामिछानेले बताए । माटोको अवस्था अध्ययन तथा अनुगमनपछि सेनाको प्राविधिक टोलीले बेँसीशहर-चामे सडकखण्डको नयाँ ट्र्याक खोल्न खटिने जनाइएको छ । नयाँ ट्र्याक खोल्न सकिएमा छिट्टै मनाङवासीले सहजरूपमा सडक सञ्जालमार्फत आवतजावत गर्न पाउने छन् ।

# स्रोत नखुलेको ४० लाखसहित एक जना पक्राउ




**झापा/मस**-स्रोत नखुलेको रु ४० लाखसहित झापा गाउँपालिका-२ बेलाइतिबारीबाट एक जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बेलाइतिबारीका ५० वर्षीय गौरी मण्डल रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक राकेश थापाले बताए ।

उनका अनुसार भारतबाट नेपालतर्फ ल्याउँदै गरेको स्रोत नखुलेका रु ४० लाख ३७ हजार ६७० सहित इलाका प्रहरी कार्यालय कुमरखोदबाट खटिएको प्रहरी टोलील उनलाई शनिबार दिउँसो पक्राउ गरेको हो ।

पक्राउ परेका मण्डललाई आवश्यक कारवाहीका लागि आइतबार भद्रपुर भन्सार कार्यालयमा बुझाइने उनले बताए ।

# जंगली च्याउ खाँदा बाबु छोराको मृत्यु



**इलाम/मस**- इलामको फाकफोकथुममा जंगली च्याउको तरकारी खाँदा बाबु-छोराको मृत्यु भएको छ ।

मृत्यु हुनेमा फाकफोकथुम-१ का ५१ वर्षीय लेखबहादुर लिम्बू र उनका छोरा १२ वर्षीय दिवस लिम्बू रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

प्रहरीका अनुसार गत साउन ३ गते घर नजिकैको जङ्गलबाट ल्याएको च्याउको तरकारी खाँदा बिरामी परेका दुबै जनालाई उपचारका लागि विराटनगरस्थित नोबेल अस्पताल भर्ना गरिएको थियो । उपचारकै क्रममा दुबै जनाको अस्पतालमा मृत्यु भएको हो जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक गंगाबहादुर थापाले जानकारी दिए ।

# सशस्त्र प्रहरीद्वारा छुट्टाछुट्टै ठाउँबाट लागूऔषधसहित ८ जना पक्राउ

**सर्लाही/मस**- सर्लाहीको मलगंवा नगरपालिका २ झण्डाचोकस्थित सीमा इलाकाबाट सशस्त्र प्रहरीले करीब ११ के.जी. चरेशसहित तीन जनालाइ पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा मकवानपुर जिल्लाको थाहा नगरपालिका ११ बस्ने ५९ वर्षीय बीरबहादुर बल, सोही जिल्लाको कैलाश गाउँपालिका ५ बस्ने २५ वर्षीय शुकुराम पाखिन र काभ्रेपलाञ्चोक जिल्लाको नमोबुद्ध नगरपालिका ११ बस्ने २६ वर्षीय सुकलाल तामाङ छन् ।

उनीहरुलाई सशस्त्र प्रहरी बल, नेपाल भन्सार सुरक्षा पोष्ट मलगंवाबाट खटिएको सशस्त्र प्रहरीले शंका लागी जाँच गर्दा उनीहरुको साथमा उल्लेखित परिमाणको चरेश फेला परेको हो ।

पक्राउ परेकाहरुलाई बरामद चरेशसहित आवश्यक कारवाहीको लागी नेपाल प्रहरीलाई बुझाईएको छ ।

यसैबीच मोरङ्ग जिल्लाको विराटनगर महानगरपालिका १६ दरैयास्थित सीमा इलाकाबाट सशस्त्र प्रहरीले विभिन्न किसिमका लागूऔषधसहित सोही जिल्लाको लटाङ नगरपालिका ६ बस्ने २२ वर्षीय रमेश पाँचकोटीलाई पक्राउ गरेको छ । भारतबाट नेपालतर्फ आउँदै गरेका निज पाँचकोटीलाई सशस्त्र प्रहरी बल, नेपाल वोर्डर आउट पोष्ट दरैयाबाट खटिएको सशस्त्र प्रहरीले शंका लागी जाँच गर्दा उनको साथमा लुपीजेसिक १५ एम्पुल, डाईजेल्याब १५ एम्पुल, एभिल १५ एम्पुल र फेनारगन १५ एम्पुल फेला पारेको हो । पक्राउ परेका पाँचकोटीलाई बरामद लागूऔषधसहित आवश्यक कारवाहीको लागी लागूऔषध नियन्त्रण व्यूरो विराटनगरमा बुझाइएको छ ।

यसैबीच कैलालीको टिकापुर नगरपालिका ७ जटाशंकरघाटस्थित खोलाको किनारबाट सशस्त्र प्रहरीले करीव ६ ग्राम ब्राउन सुगरसहित चार जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा सोही जिल्लाको जोशीपुर गाउँपालिका ३ बस्ने २९ वर्षीय रंजित कठरिया, २१ वर्षिय राहुल कठरिया तथा सोही जिल्लाकै लम्किचुहा नगरपालिका ९ बस्ने २५ वर्षीय विशाल सिंह र २२ वर्षीय यकेन्द्र बम छन् ।

उनीहरु उक्त खोलाको किनारमा हिडिरहेको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट कालाकुण्डाबाट खटिएको सशस्त्र प्रहरीले शंका लागि जाँच गर्दा उनीहरुको साथमा उल्लेखित परिमाणको ब्राउन सुगर फेला परेको हो । पक्राउ परेकाहरुलाई बरामद ब्राउन सुगरसहित आवश्यक कारवाहीको लागि नेपाल प्रहरीलाइ बुझाइएको छ ।

यस्तै कपिलवस्तु जिल्लाको यशोधरा गाउँपालिका ५ नुनुवास्थित सीमा इलाकाबाट सशस्त्र प्रहरीले करीव ३ लाख १५ हजार रुपैयाँ बराबरको चोरीपैठारीको विभिन्न किसिमका औषधी बरामद गरेको छ । भारतबाट नेपालतर्फ ल्याउँदै गरेको उक्त औषधी सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट मर्यादपुरबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद औषधी भन्सार कार्यालय सुठौलीमा बुझाइएको छ । यसैगरी सशस्त्र प्रहरी बल नेपाल फरवार्ड सुरक्षा वेश टुकेबाँधबाट खटिएको सशस्त्र प्रहरीले साउन ७ गे करीव २ लाख ७० हजार रुपैयाँ बराबरको ओरेन्ज कम्पनीको विभिन्न किसिमका औषधी र मोटर पार्ट्स बरामद गरेको छ ।

भारतबाट अबैध रुपले नेपालतर्फ ल्याउँदै गरेको उक्त औषधी तथा मोटर पार्ट्स सशस्त्र प्रहरीले झापा जिल्लाको मेची नगरपालिका ७ सतीघट्टास्थित सीमा इलाकाबाट बरामद गरिएको हो ।

## महाधिवेशन...

मातहतको अधिवेशन तालिका समेत संशोधन भएको थियो । तर फेरि पनि संशोधन गर्नुपर्ने अवस्था बनेको छ ।

गएको असारको बैठकले गाउँ-नगर वडा अधिवेशन १२ साउनमा, गाउँनगर अधिवेशन १६ साउनमा र प्रदेशसभा क्षेत्रीय अधिवेशन २० साउनमा तोकेको थियो । यस्तै प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन २३ साउन, एक भन्दाबढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन २६ साउन र प्रदेश अधिवेशन १ र २ भदौमा गर्ने तालिका तय भएको थियो । तर क्रियाशील सदस्यता वितरणमा देखिएको समस्याका कारण काँग्रेस महाधिवेशन फेरि पनि प्रभावित बनेको छ ।

तेह्रौं महाधिवेशन सम्पन्न भएको आगामी भदौंमा साढे पाँच वर्ष पुग्छ । काँग्रेसको विधानमा भने हरेक चार वर्षमा महाधिवेशन गराउनुपर्ने उल्लेख छ । तर चार वर्षसम्म काँग्रेसको विभाग समेत गठन हुन सकेन । संस्थापन र संस्थापन इतरका नेताहरुको असहमतिका कारण विभाग गठनले समयमा पूर्णता पाउन सकेको थिएन । जबकी काँग्रेसको महाधिवेशन सकिएको दुई महिनाभित्र विभाग गठन गरिसक्नुपर्ने हुन्छ ।

तर चार वर्षसम्म विभाग गठन गर्न नसकेको काँग्रेसले चार वर्ष नभएर कानूनले तोकेको साढे पाँच वर्षभित्र पनि महाधिवेशन गर्नेमा संशय देखिएको छ । किनकि यसअघि पनि पटकपटक महाधिवेशनको तालिका प्रभावित हुँदै आएको छ । अझ कोरोना महामारी नियन्त्रणमा आउन नसक्नुले पनि काँग्रेस महाधिवेशन प्रभावित हुनसक्ने संभावना बढाएको छ ।

## ओली...

विश्वास गर्ने पार्टी भएकाले त्यसविरुद्ध जान नसकिने धारणा राखे । "शान्तिपूर्ण राजनीतिक प्रतिस्पर्धाको विरुद्ध कोही जान्छ भने त्यसलाई कामजोर बनाउन र संवैधानिक प्रक्रियालाई अवरोध गराउन खोज्दछन् भने हाम्रो युथफोर्सले त्यसविरुद्धमा खबरदारी गर्नेछ", उनले भने । हिजोका सरकारले गरेका राम्रा कामलाई ध्वस्त बनाउन खोजियो भने छिमेकी देशसँगको सम्बन्धलाई कमजोर बनाउन खोजियो भने त्यसविरुद्ध पार्टीसँगै युथफोर्स अगाडि बढ्ने उनको भनाइ छ ।

युथफोर्स कानून र राज्यको संरचनालाई तोडमोड र जनताका जनादेशलाई लत्याउन खोजिए त्यो सह्य नभएको बताए । एमालेको रक्षा गर्ने खम्बाका रूपमा युथफोर्स रहेको भन्दै कहीँकतै असुरक्षित र त्रास फैलाइएको वा नेता कार्यकर्तामाथि हमला गरिन्छ भने त्यसको प्रतिवाद युथफोर्सले गर्ने चेतावनी दिए ।

## मलेसियाबाट....

पसिना बेच्न विदेश जानुपर्ने बाध्यता हटाउन दल र नेतासँग आग्रह पनि गरेका छन् ।

जुलाई १७ अर्थात गएको शनिबार १२ वटा, बुधबार एउटा र यस शनिबार २४ वटा गरी एक हप्ताभित्रै ३७ वटा शव र ३ वटा अस्तु विदेशबाट नेपाल ल्याइएको र अझै १८ वटा लिन जानुपर्ने अवस्था रहेको भन्दै क्याप्टेन लामाले यो अवस्था सरकारको लागि तथ्यांकमा मात्रै सीमित भए पनि मृतकका आश्रित परिवारको लगि सर्वस्व गुमेको उल्लेख गरे ।

## मलेसियामा...

(पिएनसिसि) तथा विभिन्न संघसंस्थाहरुले सहयोग गरेका छन् । मलेसियाले ओभर स्टे भई डिटेन्सन सेन्टरमा बसेकाहरुलाई पाँच वर्षसम्म आफ्नो मुलुक फर्किन नपाउने गरी नकारात्मक सूची 'ब्ल्याक लिष्ट'मा राख्ने गरेको छ ।




*तनहुँको आँबुखैरेनी गाउँपालिका–५ स्थित छिम्केश्वरी स्वास्थ्य चौकीमा शुक्रबार चार घण्टाको बाटो हिँडेर कोभिड–१९ विरूद्धको खोप लगाउँदै गरेकी एक महिला । गाउँपालिकाले खोप अभियानसँगै साबुन पानीले राम्रोसँग हात धुने व्यवहारमा प्रवर्द्धन गरेको छ । तस्वीर : रासस*

# ३२ सयका लागि आफ्नै साथीको अपहरणको प्रयास !

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, ९ साउन

सापटी चलाएको रू.३ हजार २ सय समयमै फिर्ता नगर्दा इटहरीमा आफ्नै साथीहरूबाट एक व्यक्तिमाथि अपहरणको प्रयास भएको छ । इटहरी ४ का २२ वर्षीय निर्मल श्रेष्ठमाथि अपहरण प्रयास भएको इलाका प्रहरी कार्यालय इटहरीले जनाएको छ । मानव अपहरण तथा शरीर बन्धकको अभियोगमा इटहरी ८ फुलबारी टोलबाट ३ जना पक्राउ परेपछि यसतो रहस्य खुलेको हो ।

श्रेष्ठलाई हातमा डोरी र आँखामा पट्टि बाँधेर कुटपिट गरी लैजाँदै गरेको अवस्थामा प्रहरीले भेटेपछि संलग्न तीन जनालाई नियन्त्रणमा लिएको हो । उनीहरूलाई प्रहरीले शुक्रबार दिउँसो इटहरी ८ फुलबारी टोलको प्लटिङबाट पक्राउ गर्न सफल भएको थियो । प्रहरीद्वारा पक्राउ पर्नेमा इटहरी ७ बस्ने २५ वर्षीय सङ्गीत थापा, सोही स्थानमा बस्ने १९ वर्षीय अनिष कार्की र इटहरी ८ बस्ने २३ वर्षीय सिद्धार्थ राई रहेका छन् । पटक पटक




मागदा पनि भोलि भोलि भन्दै झुलाएपछि रिसको झोकमा निर्मललाई अपहरण गरी परिवारसँग मोटो रकम माग्ने योजनामा रहेको प्रहरी अनुशन्धानबाट खुलेको छ । अपहरणको शैली हेर्दा योजनावद्ध नै देखिएको इटहरी प्रहरी प्रमुख डिएसपी अर्जुन केसीले मध्यान्हलाई बताए ।

उनीहरूले निर्मलको अपहरणपछि रातभर सङ्गीत थापाको कोठामा बन्धक बनाएर निर्घात कुटपिट समेत गरेको अनुशन्धानबाट खुलेको छ । कुटपिटबाटै निर्मलको हातको हड्डि समेत भाँचिएको डिएसपी केसीको भनाइ छ ।

रातभर संगित थापाको कोठामा राखि भोलिपल्ट अर्कै स्थानमा सार्न लाग्दा स्थानीयले थाहा पाएर प्रहरीमा खबर गरेका थिए । घटनास्थलमा प्रहरी पुग्दा हात र आँखामा पट्टि बाधेर कुटपिट गर्दै गरेको अवस्थामा रंगेहात तीन जना समातिएको र अनुसन्धान गर्दै जाँदा योजनावद्ध नै अपहरण गर्न खोजिएको पाइएको प्रहरी प्रमुख डिएसपी केसीको भनाइ छ ।

पक्राउ परेका तीनै जनाविरूद्ध पीडितले दिएको अपहरण तथा शरीर बन्धकको उजुरी दर्ता गरी सुनसरी अदालतबाट एक हप्ताको म्याद थप गराइ आवश्यक अनुसन्धान थालिएको इलाका प्रहरी कार्यालय इटहरीका प्रहरी प्रमुख डिएसपी केसीले बताए ।

## बाँके डायरी

पवन जायसवाल/मध्यान्ह

# भूमिहीनका समस्या समाधान गर्न प्रशासनमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र

बाँकेमा भूमि सम्बन्धि समस्या समाधान आयोगमार्फत भूमिहीन दलित, भूमिहीन विपन्न एवं सुकुमबासी तथा अव्यवस्थित बसोबास गर्नेहरुको छिट्टै समस्या समाधान गर्नको लागि अबिलम्ब पहल गर्नका लागी ध्यानाकर्षण गर्दै राष्ट्रिय भूमि अधिकार मञ्च बाँकेले जिल्ला प्रशासन कार्यालय बाँकेमार्फत प्रधानमन्त्रीलाई ज्ञापन-पत्र बुझाइएको छ। राष्ट्रिय भूमि अधिकार मञ्च बाँकेका अध्यक्ष तारादेवी हरिजनले हालको अवस्थामा संघीय सरकारको नेतृत्व परिवर्तन भएसँगै भूमि सम्बन्धि समस्या समाधान आयोगको खारेजीको हल्लाले भूमिहीन दलित, भूमिहीन विपन्न एवं सुकुम्बासी तथा अव्यवस्थितबसोबासगर्नेहरुले वर्षौदेखि भोग चलनगर्दै आई रहेको जमिनको स्वामित्व आफूहरुले पाउने बेलामा आफूहरुलाई निराशा बनाएको छ भन्दै भूमि सम्बन्धि समस्या समाधान आयोगलाई स्वस्फूर्त काम गर्ने वातावरण बनाई दिनका लागी माग गर्दै बाँकेका प्रमुख जिल्ला



अधिकारी शिवराम गेलालमार्फत ज्ञापनपत्र पठाइएको हो ।

उक्त अवसरमा राष्ट्रिय भूमि अधिकार मञ्चका केन्द्रीय सदस्य जशवीर वड, प्रदेश अध्यक्ष प्रेमा शाही, जिल्ला कोषाध्यक्ष नन्दा कुमारी शाही, अभियानकर्ता विष्णु रोकाय, कालु गिरी, कलब पौडेल, तुलसी गिरी, लालबहादुर सार्की लगायतको सहभागीतामा ज्ञापन-पत्र प्रमुख जिल्ला अधिकारी शिवराम गेलाललाई बुझाएको थियो । सो ज्ञापन पत्रमा भूमिहीन दलित, भूमिहीन विपन्न एवं सुकुम्बासी तथा अव्यवस्थित बसोबास गर्नेहरुको समस्या समाधान गर्नुपर्ने भएकोले देशभर लगत संकलनको कार्य अन्तिम चरणमा पुगी सकेको छ । नाप नक्साको कामले गतिलिँदै गरेको छ। सो अवस्थामा भएका कार्यको सुनिश्चितता नगरी विघटन गर्नु उचित नहुने कुरा उल्लेख गरिएको छ । भूमिअधिकार मञ्च बाँकेले बुझाएको ज्ञापन-पत्र बुझ्दै प्रमुख जिल्ला अधिकारी शिवराम गेलालले तत्कालै सम्बन्धित ठाउँमा पठाउन प्रतिबद्धता जनाएका थिए ।

# भेरी अस्पतालको स्थापना दिवसमा रक्तदान




बाँकेको भेरी अस्पताल नेपालगन्जले आफ्नो १३१ औं वार्षिकोत्सवको अवसरमा यहि साउन १२ गते हुने भएको स्थापना दिवसको अवसार पारेर रक्तदान कार्यक्रम गरेको छ । रक्तदान कार्यक्रमका संयोजक तथा डा. उर्मिला पराजुलीले नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित प्रादेशिक रक्तसञ्चार सेवा नेपालगन्जका प्राविधिक सुनिल थापामगरलाई रगत संकलन गर्ने पाकेट हस्तान्तरण गरेका थिए ।

भेरी अस्पताल नेपालगन्जका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. प्रकाशबहादुर थापा र डा. नबिनचन्द ठकुरीले १-१ पिन्ट रगत दिएर रक्तदान कार्यक्रमको उद्घाटन गरेका थिए ।

सो रक्तदान कार्यक्रममा रीमा राना, प्रचण्ड गौतम, शीला शर्मा, प्रिती खड्का, उर्मिला जैसी, विकास चौधरी, हबीब बेहना, डा.रामगोपाल तिवारी, देवीबहादुर भण्डारी, सलामुतद्दीन अलीमियाँ, लक्ष्मी बडुवाल, डा. सञ्जय वर्मा, ,बद्री चापागाईं, लक्ष्मण चौधरी, डा. राजन महत, बिनोद वि.क, पूजा बुढा थापा, गणेश लामिछाने, अनिल थापा, ज्योति शाही, समिक्षा भण्डारी, भावना श्रेष्ठ, सुशीला भण्डारी, पशुपति रावत, जगतबहादुर कुर्मी, आयुशी शाह, नानु कुवँर पाण्डे, चन्द्र प्रकाश साहू र दीपक गुप्तालगायत ३१ जनाले रक्तदान गरेका थिए ।

सो रक्तदान कार्यक्रममा डा. साकेत रिजाल लगायत भेरी अस्पतालमा कार्यरत डाक्टर, स्वास्थ्यकर्मी, कर्मचारी तथा अन्य व्यक्तित्वहरुको सहभागिता रहेको थियो । रक्तदान कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी बाँके शाखाद्वारा सञ्चालित प्रादेशिक रक्त सञ्चार सेवा नेपालगन्जका प्रमुख उपेन्द्र रेग्मी, सुनिल थापा मगर, एलिजा चौधरी, केशर सिंह डाँगीले लगायतले प्राविधिकमा सहयोग गरेका थिए । वि.सं. १९४७ सालमा पृथ्वी बीर अस्पताल डिसपेन्सरीको नाममा स्थापना भएको थियो । यही साउन १२ गते भेरी अस्पताल नेपालगन्जको स्थापना दिवस भएकोले विभिन्न कार्यक्रम गरी मनाइँदै छ ।

# संखुवासभा अस्पतालमा भेन्टिलेटर र आईसीयू सेवा



**मध्यान्ह संवाददाता**
संखुवासभा, ९ साउन

जिल्ला अस्पताल संखुवासभाले दुई शय्याको भेन्टिलेटर सेवासहित ५ बेडको आईसीयू सेवा सञ्चालन गर्ने भएको छ। यी सेवाका लागि सम्पूर्ण तयारी पूरा भइसकेको अस्पताल प्रशासनले जनाएको छ । आईसीयू सञ्चालनका लागि अस्पतालले २१ प्रकारका सामग्री खरिद प्रक्रिया अघि बढाइसकेको छ। यसका लागि अक्सिजन प्लान्ट पनि धमाधम जडान भइरहेको छ। अस्पतालका प्रमुख सुन्दरश्याम झाका अनुसार आईसीयू सेटअपका लागि २१ प्रकारका सामग्री साउन २० सम्ममा जिल्ला अस्पतालमा ल्याइने छ । यसका लागि ज्यापिट ट्रेडर्सलाई छनौट गरिसकेको छ ।

'अब विशेषज्ञ सेवाका लागि संखुवासभा र भोजपुरबासी बाहिर जानुपर्देन', झाले भने, 'जिल्लामै उपचार सेवा भरपर्दो हुनेछ।' अस्पतालले विशेषज्ञ सेवा सञ्चालनका लागि डिफिब्रेटर ३ थान, एबिजी मेसिन २ थान, अत्याधुनिक भिडियो एक्सरे मेसिन फोरडि १ थान लगायतका २१ प्रकारका सामग्री खरिद गर्ने छ । यस अगाडी ९ सय मेगावाट अरुण तेश्रो आयोजना एसजेभिएनले अस्पताललाई २ थान भेन्टिलेटर र आईसीयू सञ्चालनका लागि आवश्यक उपकरण उपलव्ध गराइसकेको अस्पतालका प्रशासन प्रमुख दीपेश श्रेष्ठले बताए । 'स्वास्थ्य उपकरण र सामग्री भएर पनि हामीले सेवा दिन सकेका थिएनौं,' उनले भने, 'यो सेवाका लागि अति आवश्यक पर्ने अक्सिजन प्लान्ट यसैसाता जोडिसक्ने छौं, त्यसपछि सेवा सुरु गर्ने छौं ।'

भेन्टिलेटर र आईसियु सञ्चालनका लागि कुनिना शैक्षिक गुठीले १८ लाख रुपैयाँ सहयोग गरेको श्रेष्ठले बताए । कुनिनाले उपलव्ध गराएको १८ लाखले बिशेषज्ञ चिकित्सक ल्याउने सम्झौता भएको छ । ६ महिनालाई यो सेवालाई चिकित्सकको व्यवस्थापनका लागि खर्च जुटिसकेको छ, उनले भने, सेवा नियमित हुनेछ । नयाँ खरिद गर्न लागेको २ वटा र अरुण तेश्रोले दिएको २ वटा भेन्टिलेटर सञ्चालनमा आउने पनि उनले बताए । यी सेवाका लागि अस्पतालले गुणस्तरिय स्वास्थ्य सामग्री खरिद गरेको उनको भनाइ छ । प्रदेश १ मा यो अस्पताल भेन्टिलेटरसहितको आईसीयू सेवा सञ्चालन गर्ने पहिलो हुने अस्पताल प्रशासनले जनाएको छ ।

अस्पतालले स्वास्थ्य सामग्री खरिदको विषयमा भएको टिक्काटिप्पणीको पछि नलाग्न आग्रह समेत गरेको छ। यी सामग्री सार्वजनिक खरिद ऐनको परिधि भित्र रहेर खरिद गरिएको हो । अस्पतालका प्रमख डा.सुन्दरश्याम झाले विज्ञप्ति जारी गरेर स्वास्थ्य सामग्री र उपकरण गुणस्तरिय ल्याउने दाबी गरेका छन् । उनले जारी गरेको विज्ञप्तिमा बायोमेडिकल इन्जिनियर अमितकुमार चौधरीको उपस्थितिमा स्वास्थ्य सामग्री र उपकरणको परीक्षण र गुणस्तर मापन हुने उल्लेख गरेका छन् ।

# हेलम्बु, पाँचपोखरी र मेलम्चीका बाढी प्रभावितलाई आर्थिक सहयोग



**देवराज सुवेदी/मध्यान्ह**
सिन्धुपाल्चोक, ९ साउन

हेलम्बु र मेलम्चीका बाढी प्रभावितलाई राहत वितरण गरिएको छ । हेलम्बुका १२२ घरधुरी र बाढीबाट मृत्यु तथा बेपत्ता भएका १४ परिवारलाई राहत वितरण गरिएको हो । त्यस्तै शनिवार नै मेलम्ची बजार पुनःनिर्माण सरोकार समिति, रेडियो मेलम्ची र नमुना बङुर फर्मलाई ५ लाख ५६ हजार ९ सय ७५ रुपैयाँ रकम हस्तान्तरण गरिएको छ ।

इराकबाट नोर्की सेर्पा, हङ्कङबाट माया आङ्बुहाङ, स्मार्ट टिमका राम अधिकारी र उशा तामाङ, मलेसियाबाट बुद्ध लामा योन्जन, नागरिक आवाजकी मेरि राई तामाङ, जुहारी कलाकार संघ भोटेकोसी १ का अध्यक्ष मुके शेर्पा र कतारबाट सोम तामाङको पहलमा संकलन भएको रकम शनिबार हस्तान्तरण गरिएको नेपाल प्रतिनिधि एवम् अभियन्ता कृष्ण तामाङ्ले जानकारी दिए ।

हेलम्बुमा १४ मृतक र बेपत्ता परिवारलाइ १० हजारका दरले र अन्य प्रभावितलाई ३५ सयको दरले राहत वितरण गरिएको तामाङले बताए । त्यस्तै रेडियो मेलम्ची र मेलम्ची बजार पुनःनिर्माण सरोकार समितिलाई १५/१५ हजार र नमुना बङ्गुर फमलाई ८ हजार प्रदान गरिएको तामाङले बताए । कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्य बिमला भण्डारी र गाउँपालिकाका कर्मचारी सुप्रभा गिरीको सहभागिता रहेको थियो। बाढी प्रभावितलाई ५ लाख ८० हजार नगद राहत वितरण

याङ्ग्री र सुनचौर बरुवाका बाढी प्रभावितलाई ५ लाख ८० हजार नगद राहत वितरण गरिएको छ। पाँचपोखरी थाङपाल २ घर भई हाल अमेरिका रहेका सुरेन्द्र तामाङ बुद्धिमान तामाङको समन्वयमा तामाङको अपरेशन सोसाईटी अफ क्यालिफोर्निया एवं अमेरिकामा रहने नेपालीहरु र ह्योल्मो सोसाईटी अमेरिकाबाट उक्त रकम संकलन गरिएको हो ।

शुक्रबार १ सय १० घर विस्थापितमध्ये ३२ घरलाई सो रकम वितरण गरिएको हो । ७ घरलाई २५ हजार, ६ घरलाई २० हजार र बाँकीलाई १५ हजारका दरले रकम वितरण गरिएको वडाध्यक्ष पासाङ स्याङबाले मध्यान्हलाई जानकारी दिए । साथै १ सय ३२ जनालाई कोभिड विरुद्धको भेरोसिल खोप दिईएको पनि स्याङबाले जानकारी दिए ।

# काठमाडौंमा कोरोनाविरुद्धको खोप लगाउन अनिवार्य अनलाइन दर्ता



**काठमाडौं/मस**–काठमाडौं जिल्लामा कोरोना भाइरसविरुद्धको खोप लगाउन अनिवार्य अनलाइन दर्ता गर्नुपर्ने भएको छ ।

स्वास्थ्य कार्यालय काठमाडौंले ५० वर्ष वा त्यो भन्दा कम उमेरसमूहका व्यतिले विद्युतीय दर्ता नम्बर ल्याएमात्र कोरोनाविरुद्धको खोप लगाउने पाउने जनाएको हो। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको साउन १ गतेको पत्रमा विद्युतीय दर्ता नम्बर लिएरमात्र खोप लगाउन पाउने भन्ने उल्लेख भएको स्वास्थ्य कार्यालय काठमाडौंले जनाएको छ।

'मिति २०७८/०४/०१ को पत्रमा उल्लेख भएकोले काठमाडौं जिल्लाका ५० वर्ष वा सो भन्दा मुनिका (१८ बर्ष सम्मका) नागरिक र अझै खोप लाउन छुटेको भए ५० वर्ष भन्दा माथिकाले पनि छिटो भन्दा छिटो आफ्नो नाम स्वास्थ्य मन्त्रालयले तयार गरेको वेवसाइट मा गई दर्ता गराउनु हुन र सो दर्ता भएको प्रमाण लिइ आगामी दिनमा सञ्चालन हुने खोप केन्द्रमा खोप लाउन जानू हुन अनुरोध छ' स्वास्थ्य कार्यालय काठमाडौंले भनेको छ ।

सबै पालिकाहरुले पनि यो व्यहोरालाई आ-आफ्नो पालिका र वडाका नागरिकमा चेतना फैलाउनसमेत अनुरोध गरिएको छ । पछिल्लो पटक ७ गतेसम्म सरकारले उपत्यकामा जोन्सन एन्ड जोनसनको खोप अभियान सञ्चालन गरेको थियो। चीनबाट ल्याइएको खोप केहीदिनपछि लगाउन सुरु गरिने स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

## सम्पादकीय

# महाधिवेशन नहुने खतरा

नेपाली काँग्रेसको चौधौं महाधिवेशन निर्धारित समयमा नहुने संशय बढेको छ । पटक–पटक स्थगित हुँदै आएको महाधिवेशन आगामी भदौ १६ देखि उद्घाटन हुने तालिका तय भएको छ । तर क्रियाशील सदस्यता वितरणको समस्याले महाधिवेशन प्रभावित हुने खतरा बढेको छ । शनिबार बसेको पदाधिकारी र पूर्वपदाधिकारीको बैठकले वडा अधिवेशन स्थगित गर्ने निर्णय गरेको छ । १२ साउनमा निर्धारित वडा अधिवेशन सार्ने काँग्रेसको निर्णयले महाधिवेशन निर्धारित समयमा नहुने अनुमान गर्न थालिएको छ । किनभने अझैपनि काँग्रेसको क्रियाशील सदस्यता वितरणमा विवाद कायमै छ । यसअघि पनि क्रियाशील सदस्यता वितरण लगायतको समस्या देखाएर चार वर्षमा हुनुपर्ने महाधिवेशन हुन सकिरहेको छैन । आगामी भदौमा काँग्रेसको महाधिवेशन नभएको साढे पाँच वर्ष हुन्छ ।

अर्थात् निर्धारित समयमै महाधिवेशन गराउनु अब काँग्रेसका लागि संवैधानिक बाध्यता हो । तर त्यो संवैधानिक बाध्यता पनि तोडिने खतरा बढेको छ । तेह्रौ महाधिवेशन पनि निर्धारित चार वर्षमा हुन सकेको थिएन । काँग्रेसको महाधिवेशन हरेक चार वर्षमा हुने विधानमा छ । तर तेह्रौं महाधिवेशन कानूनले तोकेको पाँच वर्षभित्र पनि हुन सकेन । त्यसबेला तत्कालीन सभापति एवम् प्रधानमन्त्री सुशील कोइराला थिए । त्यसैले उनले कानून नै बदलेर महाधिवेशन साढे पाँच वर्षमा गरिनुपर्ने व्यवस्था भयो । अहिले काँग्रेसकै कारण पाँच वर्षलाई बढाएर साढे पाँच वर्षको अवधि तोकिएको छ । तर फेरि पनि पाँच वर्षमा महाधिवेशन हुने संभावना देखिएको छैन ।


हुन त नेपाली काँग्रेसमा महाधिवेशन सधैं ज्वरो बन्ने गरेको छ । यसको मुख्य कारण भने नेतृत्व हत्याउने दाऊ हो । आफ्नो पक्षमा अनुकुल अवस्था सिर्जना नगरी महाधिवेशन हुन नदिने नियति काँग्रेसमा देखिएको छ । नेतृत्वमा कायम रहेका नेताले फेरि पनि नेतृत्व लिने रणनीति बनाउने र नेतृत्वमा पुग्ने चाहनेले पनि नतिजा आफ्नो पक्षमा नआएसम्म बखेडा झिक्ने गरेको पाइन्छ । अर्कातिर एकपटक नेतृत्वमा पुगेपछि आजीवन नेतृत्वमा रहने मनोविज्ञानले पनि काँग्रेसका लागि महाधिवेशन सधैं टाउको दुखाइको विषय बन्ने गरेको देखिन्छ । यसको असर भने मुलुकको लोकतान्त्रिक अभ्यास र कानून माथि पर्ने गरेको छ । अतः भर्खरै सत्ताको बागडोर सम्हाल्न पुगेको काँग्रेसले आन्तरिक लोकतन्त्र, कानून र समाजका निम्ति पनि महाधिवेशन निर्धारित मितिमा गराउन आवश्यक छ ।

## सामाजिक सञ्जाल



एमसीसी के हो, के होइन, राष्ट्र हितमा छ, छैन, तथ्य यकिन गर्नोस् । 'भिड्न' जरूरी पर्दैन, सहमतिमा पुग्नुहुन्छ । हैन, जालझेल कै भरमा हाटहुट गरेर अहिले कै स्वरूपमा एमसीसी पास गर्नु भयो भने तत्कालका लागि गठबन्धन त जोगिएला, तर यहाँहरूको राजनीति चैं उठ्नै नसक्ने गरी भत्किने छ । चेतना भया ।

- सुर्यराज आचार्य




जनताले अहिले हिन्दुराष्ट्र र राजसंस्थाको आवश्यकता महसुस गरेका छन् । यो एजेण्डाको असली संवाहक राप्रपा हो । राप्रपा बलियो भएमात्र यो एजेण्डा स्थापित हुन्छ । राप्रपा र यसको नेतृत्वलाई कमजोर बनाउँनु हिन्दुराष्ट्र र राजसंस्थाको एजेण्डा सँधैको लागि समाप्त पार्नु हो । यसबारे समय मै सचेत बनौं ।

- कमल थापा




राबल गृहमन्त्रीबाट रिटायर हुँदा लामो समयसम्म सरकारी गाडी फिर्ता नदिएर चर्चामा थिए । पछि एमसीसीको चर्को विरोध गरेर, संसदमा कविता सुनाउने चलनको सुरूवात गरेर, सांसद पदबाट राजीनामा दिएर, फेरि राजीनामा फिर्ता लिएर पनि चर्चामा आएका छन । छिटो तात्ने र छिटो सेलाउने जिनिसका भनेकै रावल भएका छन् ।

- दिपक शर्मा मरासिनी



नेताभन्दा खराब मिडिया नै लाग्न थाले । थोरै पनि मेमोरी नराख्ने । तत्कालको आफ्नो स्वार्थ र मिसनको लाइन मिल्यो भने जतिसुकै खराब नेतालाई पनि भिजनरी, युवाका धड्कन्, प्रभावशाली, चट्टानी अडान, एक्लो बृहस्पति, आदि जोडिदिहाल्ने । त्यसपछिका खराब कर्मचारी र चौथो खराब चाहिँ तपाईं हामी ।

- डिल्ली भट्टराई



बालुवामा जग हालेको घर स्वभाविक हो ढल्छ । त्यहि कारणले धेरै पुलहरू ढले, गठबन्धित सरकार ढाल्ने खेल भैरहेको छ भन्ने दाहालको भनाई आफैंमा हाँस्यास्पद छ । हिजोदेखि नै झेल र ललिपपका भरमा टिक्दै आएका उनले सत्य ओकल्दैछन् ।

- गोविन्दकुमार थापा

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# श्रावण मास, सङ्क्रान्ति र अयन परिवर्तन

उत्तरायण (माघदेखि आषाढसम्म)लाई देवताको दिन र दक्षिणायन (श्रावणदेखि पौषसम्म)लाई देवताको रात भनिन्छ । रात र दिनको उतिकै महत्व हुनाले उत्तरायणमा नयाँ घर सर्ने, बिहे, ब्रतवन्ध आदि शुभकर्म बढी हुने गर्छ भने दक्षिणायन समयमा अधिकांश मुख्य चाडपर्व चतुर्मास व्रत, महादशैं, नागपञ्चमी, कृष्णजन्माष्टमी, रक्षाबन्धन, तिहार आदि पर्दछन् । पितृहरुका लागि विशेष उपासना गर्ने पितृपक्ष यसैबेला पर्छन् भने मानिसको इहलीला समाप्त हुने पुण्य बेलाचाहिँ तुलनात्मक रुपमा उत्तरायणलाई बढी शुभ मानिएको छ ।



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

यसपालि श्री सम्वत् २०७८ राक्षसनामक सम्वत्सर आषाढ शुक्ल अष्टमी तिथि, चित्रा नक्षत्र, शिव योग, भद्रा करण, शुक्रबार रातको २९.०० प्रवादन कालमा सूर्य मिथुन राशिबाट कर्कट राशिमा जाँदै गृष्म ऋतु उत्तरायण सकिएर दक्षिणायन वर्षा ऋतु आरम्भ भएको छ । तिथिर्बारश्च नक्षत्रं योग करणमेव च पन्चागस्य फलं श्रुत्वा गंगा स्नान फलं लभेत् । अर्थात् तिथि, बार, नक्षत्र, योग, करण मिलेर बनेको पन्चाग श्रवण गर्नाले गंगा स्नान गरेको फल मिल्ने भनेर शास्त्रमा वर्णन गरिएको छ । यस मासमा सूर्य कर्कट राशिमा हुनेछन्, त्यसैले संक्रान्ति पनि कर्कट नै भएको छ । यो मासका अधिपति देवता हुन् श्रीधर र मासकी देवी हुन् कान्तिमती ।

मानव जीवन समय चक्रमै घुमिरहेको हुन्छ । सौर्य मासअनुसार १२ राशिमा सूर्य परिभ्रमण गर्ने क्रममा कर्कट राशिमा सूर्य सङ्क्रमण हुन जाँदा कर्कट सङ्क्रान्ति हुन्छ । सूर्य दक्षिणायन भई हाम्रो भूगोलअनुसार दिन मान थोरै र रात्रि मान धेरै हुने हुँदा दिनको समयभन्दा रात्रिको समय वढी हुने यस अवस्था सूर्य मकर राशिमा सरी माघे सङ्क्रान्ति नआएसम्म कायम रहन्छ ।

उत्तरायण (माघदेखि आषाढसम्म)लाई देवताको दिन र दक्षिणायन (श्रावणदेखि पौषसम्म)लाई देवताको रात भनिन्छ । रात र दिनको उत्तिकै महत्व हुनाले उत्तरायणमा नयाँ घर सर्ने, बिहे, ब्रतवन्ध आदि शुमकर्म बढी हुने गर्छ भने दक्षिणायन समयमा अधिकांश मुख्य चाडपर्व चतुर्मास व्रत, महादशैं, नागपञ्चमी, कृष्णजन्माष्टमी, रक्षाबन्धन, तिहार आदि पर्दछन् । पितृहरुका लागि विशेष उपासना गर्ने पितृपक्ष यसैबेला पर्छन् भने मानिसको इहलीला समाप्त हुने पुण्य बेलाचाहिँ तुलनात्मक रुपमा उत्तरायणलाई बढी शुभ मानिएको छ ।

तिथि, बार, नक्षत्र, योग र करण ५ अंग मिलेर पञ्चाङ्ग बन्छ, ज्योतिषशास्त्रको मूल आधार यही नै हो । प्रत्येक सङ्क्रान्ति सकेमा र नसकेमा श्रावण सङ्क्रान्ति, मकर सङ्क्रान्ति, मेष अर्थात् वैशाख सङ्क्रान्तिमा पन्चाङ्ग श्रवण गर्नाले घरैमा गङ्गास्नान गरेको पुण्य मिल्ने कुरामा पूर्वीयदर्शनले पुष्टि गरेको छ ।

काल (समय) ले कसैलाई छोड्दैन । समय सबैभन्दा बलबान् छ । महिना महिनामा आउने सङ्क्रान्ति (सङ्क्रमण) र कोठामा परिवर्तन हुने क्यालेण्डरका पानाहरुले आफूले गरेका जीवन उपयोगी र समाज उपयोगी कामको गणना गर्न संकेत गर्छन् । छ, छ महिनामा हुने अयन परिवर्तनले अर्द्धवार्षिक समीक्षा र आत्मालोचना गर्न प्रेरित गर्छ हामीलाई । तृष्णा बढाउने, रोग वृद्धि गर्ने तर काल चक्रभन्दा माथि छु भन्ने अहं भावनालाई त्यागेर आगामी दिन बढी सुखद र आनन्दमय बनाउन सामाजिक सेवा र पर हितकारी काममा प्रेरित हुने संकेत हो सङ्क्रान्ति भनौं अयन परिवर्तन ! जीवन सन्तुलित र सौम्य सक्रिय र साहसिलो बनाउन आत्मबलको प्रेरणा दिन्छ, अयन परिवर्तनले ! सके वाल्यावस्थादेखि नै नसके किशोर वा यौवनावस्थादेखि नै मानव जीवनलाई लक्ष्योन्मुख, उद्धेश्योन्मुख हुन पनि प्रेरित गर्छ, अयन परिवर्तनले !



दार्शनिक, आध्यात्मिक महत्वको साथै कर्कट सक्रान्तिको सांस्कृतिक महत्व पनि रहेको छ । हाम्रो मुलुकको अधिकांश जीवनस्तर कृषिमै आधारित छ । मुख्यबाली धान, मकै, कोदो, भटमास आदि रोपणबेला अर्थात् वर्षायाम खेतबारीको काम यसै समयावधिमा हुने गर्छ । कृषिको आधार छ वटा ऋतुमध्ये मुख्य वर्षाऋतुको आरम्भ कर्कट सङ्क्रान्तिबाटै सुरु हुन्छ । यद्यपि असारमै बाढी, पहिरोको कष्टकर जीवन भोग्न बाध्य भयौ हामी यसपालि । राम्रो पक्ष के हो भने असारमै अधिकाँश रोपाइँ कार्य हुने विश्वास छ यसपालि, यद्यपि कोरोनाको पीडाले किसानहरु नतड्पिएका भने होइनन् यस्तोबेला । खेती किसानी गर्नेहरु झन् वढी स्वस्थ हुनुपर्ने र कीराफट्याग्रां आदिको प्रकोपबाट बच्न स्वास्थ्य मजवूत राख्न यसदिनको विशेष कार्यले प्रेरणा थप गर्छ हामीलाई । यसै दिन कण्डारक नामको देव पूजन गर्ने चलन छ हाम्रो । हिलो, मैलो, वर्षाको कारण घाउखटिरा आदि चिलाउने छालाजन्य रोग नलाग्न साउने सङ्क्रान्तिको साँझपख लुत्तो फाल्ने चलन छ । लुत्तो फालेपछि जडीवुटीको रुपमा रहेको कुकुरडाइनोको पात जलाएर घाउ खटिरामा मलम लगाउने चलन पनि छ । साँझपख कण्डारक नामक पिशाचको पूजा गरी लुतो फाल्नाले छालाजनित रोग नहुने विश्वास गरिन्छ । अर्को धसिङ्गरेको बोट बाल्ने, पड्काउने, सल्लाको काठको मुठालाई ७/७ वटा पार्ने ती मुठालाई निशाचार पिशाचलाई चढाई ४ वटा सल्लाको दाउरालाई आफ्नो घरको मूलधुरी नाघ्ने गरी चारै दिशामा फाल्ने अनौठो संस्कृति अहिले पनि गाउँतिर पाइन्छ । मासको फुलौरा खोरीमा राखी फल फूलसमेत चढाउने, आँगन, चोक गोवरले लिप्ने, सफा पहिरन साथ दर्शन ढुंगा (सेतो ढुंगा) मा कण्डारक देवता स्थापना गर्ने, दिप, कलश, गणेशसहित पूजा, उपासना गर्ने विधान छ । पिठोले रेखी हाली, कर्ममात्र, पूजासामान, नैवेद्य, भेटीसहित आँगनमा बसेर पृथ्वीको पूजा समेत त्यहीँ गरिन्छ । अन्त्यमा धूप, दिप, दक्षिणा, समापन आदि कार्यसमेत पूजाका विधानले गर्ने गरिन्छ । अन्त्यमा नाङलो ठटाएर अपशकुनहरुलाई खेद्ने कार्य पनि हुन्छ ।

> मानव जीवन समय चक्रमै घुमिरहेको हुन्छ । सौर्य मासअनुसार १२ राशिमा सूर्य परिभ्रमण गर्ने क्रममा कर्कट राशिमा सूर्य सङ्क्रमण हुन जाँदा कर्कट सङ्क्रान्ति हुन्छ । सूर्य दक्षिणायन भई हाम्रो भूगोलअनुसार दिन मान थोरै र रात्रि मान धेरै हुने हुँदा दिनको समयभन्दा रात्रिको समय वढी हुने यस अवस्था सूर्य मकर राशिमा सरी माघे सङ्क्रान्ति नआएसम्म कायम रहन्छ ।

सहरबजारतिर भने अयन परिवर्तन हुने कर्कट सङ्क्रान्तिमा देव मन्दिरहरुमा जाने, विशेष स्नान, सन्ध्यावन्दन गर्ने, ब्राह्मणहरुबाट सङ्क्रान्ति फल श्रवण गर्ने, स्वस्ति वाचन गराउने, आफन्त चेलीवेटीहरुलाई बोलाई टिका प्रसाद दिने, मीठा खाने कुरा खुआउने एउटा संयोगको पर्वको रुपमा मानेर खुशियाली आदान प्रदान गर्ने रुपमा मनाइने गरिएको पाइन्छ । सबैजसो चाडबाड आरम्भको संकेत दिने श्रावण सङ्क्रान्तिले धार्मिक, साँस्कृतिक पर्वको रुपमा आफूलाई स्थापित गराएको छ यो पर्वले ।

हरेक चाड, पर्वले त्याग र तपको संकेत गरेका हुन्छन् । त्याग ६ प्रकारका हुन्छन् । कमनाको त्याग सर्वश्रेष्ठ त्याग हो । कामनाको त्याग गर्नाले आशक्ति हट्छ । आशक्तिले देवत्व प्राप्ति हुन्न । व्यक्तिको उन्नति पनि हुन्न । अनासक्तिले व्यक्ति माथि उठ्न सक्छ । आसक्ति हुन्जेल रागले छोड्दैन । राग हुन्जेल भक्तिको उदय हुँदैन । भक्तिको उदय विना ज्ञान र वैराग्यको उदय हुन्न । निस्काम भक्ति विना इहलोक र परलोक सप्रदैंन । अप्राप्तिमा त्याग सबैले गर्न सक्छन् । अभावको त्याग वास्तविक त्याग होइन । सबै थरि वरिपरि हुँदाको त्याग त्यागको यथार्थ हो । श्रीसंपत्ति, धनी, मानी ऐश्वर्यशाली, पद प्रतिष्ठाले पूर्ण हुँदाको त्याग सही त्याग हो । वैराग्यले लक्ष्मीलाई धर्मपूर्वक संचालन गर्नुपर्छ ।

धर्म, यज्ञ, अनुष्ठान, सार्वजनिक निर्माण कार्यमा दान दिनु त्यागको लक्षण हो । आर्जनको ९० प्रतिशतमा मात्र आफ्नो हक भोग रहन्छ । १० प्रतिशतमा आफ्नो अधिकार रहँदैन । घट्ना, दुर्घटनामा समान स्वभाव लक्षण हुनु पर्ने हुन्छ । आचारलाई नछोड्नु तपको लक्षण हो । पातहरु हल्लन सक्छन् वृक्षमा तर अकुंर मर्दैन ठीक त्यस्तै अपयशहरु आउन सक्छन्, वाधाहरु आउन सक्छन् तर धैर्यता तपस्वीको लक्षण हो ।

कसैप्रति याचना नगर्ने, ठूलासँग हात नथाप्ने, सानासँग याचना नगर्ने, बराबरी स्वभावसँग पनि याचना नगर्ने व्यक्तिका वरिपरि ईश्वर बसेको हुन्छ । सके दिने, नसके कमसे कम याचना चाहिँ नगर्नेसँग परमेश्वर बसिरहेको हुन्छ । प्रमादका ८ दोषहरु छन् - ५ इन्द्रियहरुको छाडापन त्यसमा मन, बुद्धि र अहंकारसमेत ३ थपिँदा यी दोषहरु मानवमा विद्यमान हुन्छन् । अतितको चिन्ता, भविष्यको आशाले व्यक्तिलाई सताइरहेको हुन्छ । गएका दुःख वेदना पूर्ण अभिव्यक्तिले व्यक्तिलाई निराश बनाउँछ । व्यर्थ चेष्टा, व्यर्थ चिन्ता, व्यर्थ चिन्तनले शरीर बोझिलो बन्छ । हामी कारेरोनाले सताइएका छौं, मनभरि कुण्ठा होलान् तर धैर्यको बाँध नतोडी दरो आत्म बल राखौं, सकेको सेवा गरौ दान, धर्म पनि सकेको गरौं । यसैमा चाड पर्वले दिने बल प्राप्त हुन्छन् । भविष्यप्रतिको ठूलो आशा गर्नाले पनि व्यक्तिलाई चिन्तामा धकेलिरहेको हुन्छ, यसको अर्थ पूरै जीवन निराश भए समस्या फेरि थपिन्छ । मनमा उत्साह थप्न नै यस्ता चाड पर्व हाम्रा वरिपरि आउँने गरेका हुन् ।

*(लेखक पौडेल धर्म संस्कृतिका अध्येता हुन् ।)*

# गिट्टीबालुवाको उत्खनन् र मौन सरकार

सरकारले २०७५ वैशाख २४ गते सरकारले ५ वटा टिपरलाई कम्पनीमा लगेर पञ्जीकरण गर्ने र एउटा टिपर हुनेलाई घरेलुमा लगेर दर्ता गर्ने भनेको छ । तर त्यो सरकारको निर्णयलाई टिपर साहुहरुले टेरेका छैनन् । जसले गर्दा राज्यलाई अरबौंको राजस्व घाटा भएको छ ।



● अनुषा थापा

आर्थिक वर्ष २०७८/७९ को बजेट भाषणमा सरकारले नेपालको चुरे क्षेत्रमा रहेको गिट्टीबालुवा भारत निकास गर्ने नीति ल्यायो । २०७५ जेठ १५ गते सरकारले नेपाल र भारतबीचको व्यापार घाटा गर्न भनेर उक्त नीति ल्याएको थियो । चुरे क्षेत्रको गिट्टीबालुवा भारत निकास गर्न दिनुहुँदैन् भनेर नेपाली जनता सडकमा उत्रिए । कानुन व्यवसायीहरुले पनि गिट्टीबालुवाको निकास रोक्नुपर्छ भनेर सर्वोच्च अदालतमा सरकारको निर्णयविरुद्ध रिट दायर गरे ।

यसरी सम्पुर्ण नेपाली जनता सडकमा उत्रिनुको कारण चुरे क्षेत्र दोहन गर्दा सम्पुर्ण तराईको खेतीयोग्य जमिन बगरमा परिणत हुने र धेरै आमसर्वसाधारणहरुको घरबास उठ्ने भएकाले थियो । एकातिर आमसर्वसाधारणहरुले सरकारको यो निर्णयको बिरोध गर्नु उचित पनि थियो । किनभने यो निर्णयले नेपाली जनताको जीवनस्तर सकारात्मकतर्फ नभई नकारात्मक तर्फ डोऱ्याउँथ्यो । चुरे क्षेत्रबाट गिट्टीबालुवा निकाल्दा वनजंगल फडानी, चराचुरुंगीको बासस्थान पनि फडानी हुन्छ । वनजंगल फडानी गर्दा सजीव प्राणीहरुलाई अक्सिजनको अभाव हुन्छ । र विभिन्न पानीको मुहानहरु सुक्ने र खानेपानीको हाहाकार हुने सम्भावना निम्तिन्छ ।

चुरे क्षेत्रबाट गिट्टीबालुवा निकाल्दा उल्लेखित समस्याहरु निम्तिने भइसकेपछि सरकारको यो नीति फिर्ता गर्नुपर्छ र यो बुँदा तत्कालै रोक्नुपर्छ भनेर सर्वोच्च अदालतमा रिट परेको हो । सर्वोच्च अदालतले सरकारको यो निर्णय तत्कालै फिर्ता लिन र चुरे क्षेत्रबाट गिट्टीबालुवा खण्डन नगर्न आदेश जारी गऱ्यो । र नेपालको गिट्टीबालुवा भारत निकास गर्न नदिने भनि आदेश जारी गऱ्यो । यसरी चुरे क्षेत्रको जमिन दोहन हुनबाट बच्यो ।

नेपालमा सिडियो कार्यालयमार्फत सेवादिने नाममा हजारौं क्रसर उधोगहरु दर्ता भई सञ्चालनमा आएका छन् । क्रसर उधोगहरुले सरकारको नियम नमानी विभिन्न खोलानालाबाट गिट्टीबालुवा उठाएर ल्याउने गरेका छन् । यसमा भूमिसुधार मन्त्रालय, जलस्रोत मन्त्रालय, वातावरण तथा वन मन्त्रालयको ध्यान गएको छैन् । र क्रसर उधोगहरु कहाँ र कसरी सञ्चालन गर्ने भनेर नीति वनाउन नसक्दा वनजंगल, खोलानाला र उब्जनी हुने जग्गा मासिदैं गएको छ ।

वातावरण तथा वन मन्त्रालयले क्रसर उधोगहरु जहाँ पनि सञ्चालन गर्नदिँदा त्यसबाट वातावरण र ध्वनि प्रदुषण बढेको छ । खानेपानी र जलस्रोत मन्त्रालयले नदीनाला, खोला, तालहरुमा क्रसर उधोगहरु सञ्चालन गर्न दिदाँ क्रसर उधोगबाट निस्किने फोहोरहरु सिधैं खोलानालामा मिसिन्छ । जसले गर्दा खोलानालाको पानी दुषित हुन्छ र त्यो पानी पिउन योग्य रहदैंन । यसले गर्दा आमसर्वसाधारण त पानी खानबाट बञ्चित हुन्छन् नै साथै जीवजन्तुले पनि पानी पिउन पाउँदैनन् । उब्जनी हुने जग्गामा क्रसर उधोगहरु सञ्चालन गर्दा ती खेतीयोग्य जमिन भासिन्छ र त्यस क्षेत्रमा पहिरो जाने सम्भावना बढ्छ । साथै ध्वनि प्रदुषण र धुवा धुलोको कारणले गर्दा त्यस क्षेत्रमा बसोबास गर्नेहरु पनि विस्थापित हुनुपर्ने अवस्था सिर्जना हुन्छ । तर भूमिसुधार मन्त्रालयले क्रसर उधोग र मनोमानी रोक्नको लागि कुनै पनि ठोस कदम चाल्न सकेको छैन् ।

देशभरि कत्ति क्रसर उधोग सञ्चालन छ, कत्ति क्रसर उधोगले सरकारको मापदण्डभित्र बसेर काम गरेको छ, कत्ति क्रसर उधोगहरु दर्ता भएर सञ्चालनमा आएको छन्, कत्ति क्रसर उधोगहरु नवीकरण भएर सञ्चालनमा छन् यसको तथ्यांक त सिडियो कार्यालय र गुहमन्त्रालयसँग सायदै छ होला । सिधासाधी जनताहरुसँग उब्जनी हुने जग्गा, खेतीपातीयोग्य जमिन सस्तोमा खरिद गरेर माफियाहरुले क्रसर उधोग सञ्चालनमा ल्याएका छन् । इटाभट्टाहरुको पनि ठ्याक्कै त्यस्तै षड्यन्त्र । गरिब, अशिक्षित जनताहरुको खुनपसिना चुस्ने अनि आफु धनी बन्ने । इटाभट्टा र क्रसर उधोग एउटा सिक्काको दुईपाटा हुन् । दुबै सरकारको नीति नमान्न र जनता ठग्न माहिर ।

यस्तोमा सरकार पनि यस्तो डिपोबालाकै पक्षमा छ । किनभने यस्ता डिपोहरुमा सरकारी कर्मचारी कै लगानी छ । सरकारलाई राजस्ब पनि तिर्नुनपर्ने, सरकारकै सम्पत्ति सित्तैमा ल्याएर रातारात करोडपत्ति वनन पाउने कत्ति आनन्द । सरकारलाई कोशीबाट एकटिप गिट्टीबालुवा ल्याएबापत सय रुपैयाँ राजस्व तिर्ने अनि जनतालाई चाहिँ त्यसको दुईसय गुणा जोडेर बेच्ने । जनतालाई अंध्यारोमा राखेर आफु धनी बन्ने अनि राज्यलाई राजस्व पनि नतिर्ने ।

केही वर्ष अघि सरकारले डाला काटेँर फलाम र काठ राखेर जनता ठगेको टिपर, मिनिटाटा, ट्रकलाई अनुगमन गरि सरकारले थुनामा राखेको थियो । थुनामा पर्नेमा डिपोबाला र टिपरसाहुहरु थिए । तर त्यो कुरा पछि त्यत्तिकै सेलायो । तर पनि यी ठग डिपोबाला र टिपरसाहुहरुलाई चेत आएन् । अहिले पनि गिट्टीबालुवा बोक्ने सबारीसाधनले पछाडिको भाग अग्लो बनाउने र अगाडिको भाग चाहिँ खाली राख्ने र यसरी यी व्यवसायले आमसर्वसाधारण ठगिरहेका छन् । सरकारले गिट्टीबालुवा ओसारपसार गर्ने सवारी साधनलाई अनिवार्य पालले छोप्नुपर्ने नीति बनाएको छ । तर यो नीति पनि कार्यान्वयनमा आएको छैन । ट्राफिक महाशाखाले पनि अनुगमन गरि त्यस्ता सबारी साधनलाई कारबाहीमा ल्याएको छैन् । यसो हेर्दा त सरकार र क्रसर व्यवसायको पनि मिलोमतो छ जस्तो देखिन्छ ।

सरकारले २०७५ वैशाख २४ गते सरकारले ५ वटा टिपरलाई कम्पनीमा लगेर पञ्जीकरण गर्ने र एउटा टिपर हुनेलाई घरेलुमा लगेर दर्ता गर्ने भनेको छ । तर त्यो सरकारको निर्णयलाई टिपर साहुहरुले टेरेको छैनन् । जसले गर्दा राज्यलाई अरबौंको राजस्व घाटा भएको छ ।

# चीनद्वारा अमेरिकी अधिकारीहरूमाथि प्रतिबन्ध



**काठमाडौं/एजेन्सी–** चीनले अमेरिकाको वाणिज्य मन्त्री विल्बर रोससमेत कयौं अमेरिकी नागरिकमाथि प्रतिबन्ध लगाएको छ । अमेरिकाले हङकङमा चिनियाँ अधिकारीहरूलाई प्रतिबन्ध लगाएको प्रतिक्रिया स्वरूप चीनले यो फैसला लिएको हो । अमेरिकी उपविदेशमन्त्री वेन्डी सेरमन चीनको भ्रमणमा निस्कनु केही दिनअघि बेइजिङको उक्त निर्णय सार्वजनिक भएको हो ।

हङकङमा गरिएका सुरक्षा दमनमा भूमिका खेलेको भन्दै अमेरिकाले त्यहाँस्थित चिनियाँ अधिकारीहरूमाथि प्रतिबन्ध लगाएको थियो । वाशिङ्टनले आफ्नो व्यापारिक समुदायलाई हङकङमा काम गर्दा जोखिम बढिरहेको पनि चेतावनी दिएको छ ।

अघिल्लो वर्ष भएका विशाल लोकतन्त्र पक्षधर प्रदर्शनहरूपछि चीनले हङकङमा नयाँ सुरक्षा कानुन कार्यान्वयनमा ल्याएको थियो । त्यसले देशको विभाजन, देश द्रोह र विदेशी शक्तिहरूसँग गठ जोड गर्ने विरुद्ध आजीवन कारावास अधिकतम सजाय तोकेको छ ।

शुक्रवार चिनियाँ विदेश मन्त्रालयले हालै अमेरिकाले ‘हङकङको व्यावसायिक वातावरण धमिल्याउने गरी औचित्यहीन’ प्रतिबन्ध घोषणा गरेको भन्दै त्यसले अन्तर्राष्ट्रिय कानुन र अन्तर्राष्ट्रिय सम्बन्धका आधारभूत मान्यताको चरम उल्लङ्घन गरेको जनाएको छ ।

उसले पूर्वमन्त्री रससहित अमेरिकाका सात नागरिक र निकायमाथि प्रतिबन्ध लगाइने पनि जानकारी दिएको छ ।

राष्ट्रपति डोनल्ड ट्रम्पको वाणिज्य मन्त्रीका हैसियतमा रसले पूर्व अनुमति नलिइ अमेरिकी फर्महरूसँग कारोबार गर्न पाउने चिनियाँ फर्महरूको संख्या विस्तार गरेका थिए । त्यसबाट ह्वावेई र जेडटीईजस्ता अग्रणी चिनियाँ प्रविधि कम्पनी प्रभावित भएका थिए ।

चीनको प्रतिबन्धमा पर्नेमा ह्युमन राइट्स वाचकी चीन निर्देशक सोफी रबिन्सन, यूएस-चाइना इकोनोमिक एण्ड सेक्युरिटि रिभ्यू कमिसनका अध्यक्ष क्यारोलिन बार्थलमीउ र इन्टरन्याश्नल रिपब्लिकन इन्स्टिच्यूटका एडम किङ छन् ।


ह्वाइट हाउसकी प्रवक्ता जेन साकीले चीनले बदलामा चालेको कदमले अमेरिका ’विचलित नहुने’ बताइन् । उनले भनिन्, ‘ यी कदमहरू बेइजिङले कसरी कुनै ओहदामा नरहेका नागरिक, कम्पनी र नागरिक समाजका संस्थाहरूलाई राजनीतिक सन्देश दिने उद्देश्यले दण्डित गर्छ त्यसको पछिल्ला प्रमाण हुन् ।’

राष्ट्रपति ट्रम्पको कार्यकालमा बेइजिङ र वाशिङटनबीचको सम्बन्ध थप चिसिएको थियो । कोभिड-१९ को उत्पत्ती, मानव अधिकार र साइबर सुरक्षा जस्ता विषयमा अझै पनि सो सम्बन्ध तिक्ततापूर्ण छ ।

यो सप्ताहान्त बिग्रँदो सम्बन्धलाई सम्बोधन गर्ने उपायबारे छलफल गर्न सेरमन चीन जाँदैछिन् । राष्ट्रपति बाइडेनले सत्ता सम्हाले यता बेइजिङ भ्रमण गर्ने उनी सबैभन्दा वरिष्ठ अधिकारी हुन् । चीनको प्रतिबन्ध सामना गर्ने ट्रम्प प्रशासनका पछिल्ला अधिकारी रस हुन् ।

गएको जनावरीमा चीनले पूर्व अमेरिकी विदेशमन्त्री माइको पोम्पेओ सहित २७ जना वरिष्ठ ट्रम्प अधिकारीहरूलाई प्रतिबन्ध लगाएको थियो । बाइडेन प्रशासनले त्यसलाई ’अनुत्पादक र निन्दनीय’ भनेको थियो ।

# बाढीका कारण भारतको महाराष्ट्रमा १३६ को मृत्यु



**काठमाडौं/एजेन्सी–** भारतको महाराष्ट्र राज्यमा बिहीबारदेखि शनिबारसम्म पनि लगातार वर्षा भइरहेको छ । अविरल वर्षाका कारण विभिन्न घटनाहरु परी १३६ जनाको मृत्यु भइसकेको छ ।

वर्षाका कारण ठाणे, रायगढ, रत्नागिरी, सतारा, सांगली र कोल्हापुर गरी विभिन्न जिल्लाहरुका ८ हजार प्रभावितको उद्धार गरिएको भारतीय प्रहरीले जनाएको छ । भारतीय सञ्चार माध्यमका अनुसार २०० भन्दा बढी जिल्लाका प्रमुख इलाकासँग सम्पर्कविच्छेद भएको छ ।

गोवादेखि महाराष्ट्र इलाकामा अगामी दुई दिनसम्म ‘रेड अलर्ट’ जारी गरिएको छ । ६ जिल्लामा एनडिआरएफको १८ वटा टिम तैनाथ गरिएको छ । ८ टिम सतर्क अवस्थामा छन् । २ टिम रायगढमा आएको पहिरोबाट भएको क्षतिमा उद्धारमा जुटिरहेका छन् । यसका साथै, रायगढमा नेवी र कोल्हापुर, रत्नागिरीमा आर्मीको मद्दतमा रेस्क्यु अपरेशन चलाइएको छ ।

कोल्हापुरको केही क्षेत्र अन्तरगतका सडकमा पानी भरिएको छ । कोंकण रेल मार्गमा शनिबारदेखि रेल सञ्चालन भएको छ ।

भारी वर्षाका कारण महाराष्ट्रको रायगढ जिल्लामा आएको पहिरोमा परी मर्नेको संख्या ४४ पुगेको छ । शुक्रबार तलाई गाउँबाट ३२ शव निकालिएको छ ।

रत्नागिरीको पोलाडपुर तालुकाको गोवेले पञ्चायतमा बिहीबार गएको पहिरोमा १० घर पुरिएको थियो । उक्त पहिरोमा पुरिएका ६ जनाको शव फेला परेको छ । १० जनाको सकुशल उद्धार गरिएको छ । यस्तै, पाटन पहिरोमा ३० जना बेपत्ता भएका छन् । ३०० को उद्धार गरिएको छ भने उधर, चिपलुनको कोभिड अस्पतालमा पानी भरिएपछि ८ बिरामीको मृत्यु भएको छ ।

# अमेरिकाले असुरक्षित अफगानहरूका लागि ८ हजार थप भिसा दिने



**काठमाडौं/एजेन्सी–** अमेरिकी हाउस अफ रिप्रिजेन्टेटिभ्सले बिहीबार आठ हजार थप विशेष आप्रवासी भिसा (एसआईभी) दिने सरकारको प्रस्तावलाई अनुमोदन गरेको छ । अफगानिस्तानको युद्धमा अमेरिकी सेनासँग काम गर्ने दोभासे, ठेकेदार र अन्य कमजोर अफगानी नागरिक समेतलाई लक्षित गरी थप भिषाको प्रस्तावलाई अनुमोदन गरिएको हो ।

अमेरिकामा अफगानिस्तान द्वन्द्वका क्रममा नेटो सेनासँग सँगै काम गर्ने वा सहयोग गर्ने दुई हजार ५०० अफगानीहरूले असुरक्षाको कारण देखाउँदै अमेरिकामा शरण दिन गरेको निवेदनपछि यो निर्णय आएको हो । त्यस्तै १० हजार अफगानीले तेस्रो मुलुक वा समुद्रपार सैनिक शिविरमा बस्ने व्यवस्था गरिदिन निवेदन दिएका खामा प्रेसले जनाएको छ ।

ह्वाइट हाउसले भर्जिनियाको फोर्ट ली सैन्य अड्डामा सुरक्षा जाँच पूरा गरिसकेको ७५० एसआईभी आवेदक र उनीहरूका परिवारका सदस्यहरूलाई शरण दिने योजना बनाएको छ भने अन्य चार हजार आवेदकहरुलाई उनीहरूको कागजपत्र पुनःरावलोकन गरी सुरक्षित तेस्रो देशमा बसाइने बताइएको छ ।

हालै अमेरिकी सेनाका लागि काम गर्ने एक अफगान दुभाषी सोहेल पारडिसलाई तालिवानले टाउको काटी हत्या गरेका थिए । पारडिस हजारौं अफगान दोभाषेमध्ये एक थिए जसले अमेरिकी सेनाका लागि काम गरे र अहिले तालिवानका कारबाही भोग्नु पर्यो । तालिवान समूहले अमेरिकी सेना अफगानिस्तानबाट फिर्ता हुने निर्णयसँगै अफगानी तालिवान लक्षित कारबाहीलाई रोकेको छ । यसैबीच तालिवान समूहले अफगानिस्तानका सीमा क्षेत्रका कतिपय जिल्ला आफ्नो कब्जामा लिएको दाबी गरेको छ ।

# हवाई आक्रमणमा ३० जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** सुरक्षाकर्मीहरुको हवाई आक्रमणमा परी अफगानिस्तानमा कम्तीमा ३० जनाको मृत्यु भएको छ । मृत्यु भएका मध्ये सवै जना तालिबान लडाकूहरु रहेको रक्षा मन्त्रालयका उच्च अधिकारीहरुले पुष्टि गरेका छन् । घटनामा परी अरु १७ जना घाइते समेत भएको अधिकारीहरुले जानकारी दिएका छन् । शुक्रबार दुई प्रान्तमा घटना भएको जनाइएको छ । देशको उत्तरी क्षेत्रमा पर्ने जावज्जान प्रान्तमा १९ जनाको मृत्यु भएको थियो भने १७ जना घाइते भएका थिए । मुर्घाब र हसानमा रहेको तालिबान लडाकुहरुको आश्रयस्थललाई लक्षित गरेर सुरक्षाकर्मीहरुले हवाइ आक्रमण गरेका थिए ।त्यसैगरी हेल्मन्ड प्रान्तको लश्कर गाहमा पनि सुरक्षाकर्मीहरुले हवाई आक्रमण गरेका थिए । घटनास्थलबाट सुरक्षाकर्मीहरुले सवारी साधनहरु, बंकर, विस्फोटक पदार्थलगायतका लडाकुहरुले प्रयोग गर्ने गरेको सामग्रीहरु पनि बरामद गरेका छन् ।


**श्री निबुवाटार सामुदायिक वन उपभोक्ता समूह**
**कालिका-१० निबुवाटार, चितवन**

**काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

**पुनः दोस्रो पटक सूचना प्रकाशित मितिः २०७८/०४/१०**

यस श्री निबुवाटार सा. व.उ.स.को वनबाट उत्पादन भई समूह घार गड्डि मा विभिन्न लटमा रहको साल अन्य जात समेत गरि गोलीया काठ -५२२.४७ क्यूफिट र चिरान काठ-३९७.७६ क्यूफिट, दाउरा-१.२० चट्टा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति, संघ संस्था, फर्म बा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न यो आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स.को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस समूह सा.व.उ.स. कार्यालय सूचना पाटीमा टाँस गरेको छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७८/०४/१०

यस कम्पनीको मिति २०७७/११/२५ मा सम्पन्न विषेश साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मणिलेक हेल्थ केयर सेन्टर एण्ड पोलिक्लिनीक प्रा.लि. (प्रा.लि. नं. ११८२३९)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०१/२८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मणिलेक हस्पिटल प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७८/०४/१०

यस कम्पनीको मिति २०७८/०३/१४ मा सम्पन्न विषेश साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **मन्याल कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं. २४२३२७)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०४/०१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मन्याल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराईन्छ ।



**साउदी र कतारमा रोजगार** | १. कम्पनी: KOLIN CONSTRUCTION, TOURISM, INDUSTRY AND TRADING CO. INC. शहर : AL-KHOBAR

पूर्व स्वीकृत मितिः २०७८/०१/०५ चलानी नं.: ६०१५७५२६ L.T. No.: 239402 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Duty Driver | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: LITER TRADING COMPANY शहर : SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०२/१० चलानी नं.: ६०१५८४४५ L.T. No.: 240572 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 23 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

3. कम्पनी: MASDAR AL HAYAT FOR FOOD INDUSTRIES CO. शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७७/१२/२२ चलानी नं.: ६०१५६६८९ L.T. No.: 238217 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver Whole Vehicle | 10 | 0 | स. काममा दक्ष | 1800 | ५६,९८८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: Majid Bin Ali Bin Ahmed Al Arif Restaurant for Catering Services सहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०४/०८ चलानी नं.: ६०१६०५३६ L.T. No.: 242707

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३७,९९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 1 | 0 | | 1600 | ५०,६५६ | | | | | | | |

५. कम्पनी: FALAFEL DAM RESTAURANT TO PROVIDE MEALS शहर : Riyadh

पूर्व स्वीकृत मितिः २०७८/०३/१८ चलानी नं.: ६०१५९५९४ L.T. No.: 241938 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी: ALQEMAH ALEALIH FOR COFFEE EST शहर : RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०१/३० चलानी नं.: ६०१५८४०६ L.T. No.: 240175 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee And Tea Maker | 2 | 0 | स. काममा दक्ष | 1400 | ४४,३२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

७. कम्पनी: MAAEDHA AIDHA RIDDAH AL HARITHI PLASTIC PRODUCTION FACTORY शहर : TAIF

पूर्व स्वीकृत मितिः २०७८/०३/०९ चलानी नं.: ६०१५९०६६ L.T. No.: 240953 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Production Mechanic Tech | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ४७,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Print Inks Technician | 1 | 0 | | 1500 | ४७,४९० | | | | | | | |
| 3. | Production of Plastic Bags Line labor | 2 | 0 | | 1000 | ३१,६६० | | | | | | | |
| 4. | Automatic Tinplate Cutting Machine Operator | 3 | 0 | | 1500 | ४७,४९० | | | | | | | |

८. कम्पनी: REHAB BEAUTY SALOON शहर : QATAR

पूर्व स्वीकृत मितिः २०७८/०३/१० चलानी नं.: ६०१५९१७१ L.T. No.: 241162

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hanna Beautician | 0 | 1 | सम्बन्धित काममा दक्ष | 2000 | ६५,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hair Beautican | 0 | 1 | | 2000 | ६५,२२० | | | | | | | |

९. कम्पनी: REAL TECHNOLOGISES EQUIPMENTS SUPPLY AND SERVICES शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०२/३१ चलानी नं.: ६०१५८६९९ L.T. No.: 240585 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 1 | 0 | | 2100 | ६८,४८१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा साउन १७ गते (1 Aug 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | [illegible] |

[illegible]

**Rightway Enterprises Pvt. Ltd.** | Aalokngar Minbhawan, Kathmandu
Email: cv2hrdepart@gmail.com
Tel.: 01-4106275, 4106276 | Mob.: 9823859301, 985-1152281
Govt.Lic.No.: 517/061/062



**QATAR रोजगार** | कम्पनी : CITY CABS TRANSPORTATION शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०४/०१ चलानी नं.: ६०१६०५३८ LT. No.: 242572

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३२,६१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Washing Worker | 2 | 0 | | 1000 | ३२,६१० | | | | | | | |
| 3. | Driver | 2 | 0 | | 2500 | ८१,५१५ | | | | | | | |
| 4. | Supervisor | 1 | 0 | | 3500 | ११४,१३५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १७ गते (1 Aug. 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

[illegible]

**Euro Asia H.R. Solutions Pvt. Ltd.** Govt. Lic. No.: 1162/073/074
Samakhushi, Kathmandu, Tel: 4380875, 9851048235, 9851042984, 9810315861



**साउदीमा रोजगारको अवसर** | कम्पनी : EXPERTISE CONTRACTING CO. शहर:RIYADH

पूर्व स्वीकृत : २०७८/०४/०९ चलानी नं.: ६०१६०५४१ L.T. No.: 243061

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Mechanical Maintenance Mechanic | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ७९,१५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labour | 20 | 0 | | 1000 | ३१,६६० | | | | | | | |
| 3. | Pipe And Tube Laying Worker | 10 | 0 | | 1500 | ४७,४९० | | | | | | | |

**साथै यस कम्पनीमा डिजेल, मेकानिक, स्काफोल्डर, स्याण्ड ब्लास्टरको पनि माग भई आएको छ ।**

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १७ गते (1 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

[illegible]

**गल्फ स्काई ईन्टरनेशनल प्रा. लि.** (Gulf Sky)
श्रम ईजाजत नं. ८१०/०६७/०६८
बसुन्धारा-३, काठमाडौं, नेपाल, E-mail:gulfskyintl890@gmail.com
फ्याक्स : ४९०५०२७, फोन नं.: ४९०५०२६, ४९०५०२५, ९८४१३९७२७५, ९८४१७९२८८८



**साउदीमा रोजगारको अवसर** | १. कम्पनी: DAR AL MAJD FACTORY शहर:KHAMIS MUSHAYT

पूर्व स्वीकृत मितिः २०७८/०४/०८ चलानी नं.: ६०१६०५३० L.T. No.: 240771

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker Loading And Un Loading | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: ABRAJ NAHLA CONTRACTING CO. शहर:KSA

पूर्व स्वीकृत मितिः २०७८/०४/०८ चलानी नं.: ६०१६०५२८ L.T. No.: 242635

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ordinary Factor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३१,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १७ गते (1 August 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

[illegible]

**Ishan International Overseas Pvt. Ltd.**
New Baneshwor-34, Kathmandu, Tel.: 01-4796201, 4796202, Fax : 01-4796203
Email: isonepalos@gmail.com, Web.: www.ishanintl.com

# बक्स अफिस समाचार



विगत लामो समयदेखि नेपाली फिल्म क्षेत्रमा लोकप्रियताको शिखरमा रहेको नाम हो, रेनिस फागो । रेनिस नेपालका अब्बल रंग संयोजक हुन् । त्यसैले उनी नेपालका छायांकार, निर्माता र निर्देशकको पहिलो रोजाइमा पर्छन् । फिल्मका कथाहरुलाई न्यायिक ढंगले रंग संयोजन गर्दै आफ्नो कला सीप र क्षमता देखाउँदै आएका फागोले हालसम्म करिब पाँच दर्जन फिल्ममा रंग संयोजन कला देखाइसकेका छन् । उनले बलिउडका फिल्म र म्युजिक भिडियोमा समेत काम गरिसकेका छन् । रेनिसले पाँच दर्जन बढी म्युजिक भिडियोमा समेत आफ्नो कला देखाइसकेका छन् । उनले नेपालमा आयोजना भएका थुप्रै राष्ट्रियस्तरका अवार्डमा रंग संयोजन विधामा अवार्ड जितेका छन् । दक्ष प्राविधिकका रुपमा फागोले नेपाली चलचित्र क्षेत्रको स्तरोन्नतिका लागि महत्वपूर्ण योगदान दिएका छन् । नेपालमा डिजिटल फिल्म क्यामरा रेड फोरके क्यामरा भित्राउने श्रेय द स्काइ मुभिजलाई जान्छ । यही क्यामराबाट खिचिएको पहिलो फिल्म 'काठमाण्डू'को रंग संयोजन गर्ने पहिलो रंग संयोजक रेनिस नै हुन् । अब्बल प्राविधिकका रुपमा नेपाली फिल्ममा योगदान दिइरहेका रेनिस फागोले मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठसँग गरेको कुराकानीको सम्पादित अंश :

## 'नेपाली फिल्मको स्तरोन्नतिका लागि काम गर्नुपर्छ'

**रेनिस फागो**, कलरिष्ट

फिल्म 'काठमाण्डू'बाट रंग संयोजनको काम शुरू गरेपछि फिल्मकर्मीले रंग संयोजनको महत्व बुझ्दै गए । पहिले कम चासो राख्ने फिल्मकर्मीको पहिलो प्राथमिकता नै अहिले फिल्मको रंग संयोजनमा जान थालेको छ ।



म लामो समयदेखि रंग संयोजन विधामा सक्रिय छु । म आफ्नो अनुभवलाई नयाँ पुस्तामाझ बाँड्न चाहन्छु । पछिल्लो समय फिल्म अध्ययन गर्ने पुस्ताको संख्या उल्लेख्य छ । ती पुस्तालाई रंग संयोजनको विषयमा पढाउन चाहन्छु । त्यसका लागि रंग संयोजन सम्बन्धी इनिष्टिच्यूट खोल्ने योजनामा छु ।

यो विधामा काम गर्दा आर्थिक र व्यावसायिक दुवै किसिमले सन्तुष्ट छु । मेरो काममा एकदमै वाहवाही पाएको छु र आफूलाई पुग्दो पैसा पनि कमाएको छु । मैले दिएको योगदानका कारण फिल्मको गुणस्तर वृद्धि भएकोमा एकदमै खुशी छु ।



**रंग संयोजन विधामा कसरी जोडिनुभयो ?**

मलाई सानैदेखि कला र सिर्जनात्मक काममा एकदमै रुची थियो । म सानैदेखि पेन्सिल स्केच गर्थें । टेलिभिजनमा कुनैदिन मेरो पनि अन्तर्वार्ता आए हुन्थ्यो जस्तो लाग्थ्यो । सानोमा फिल्महरु पनि खुबै हेर्थें । समयसँगै यो रुची अझ बढ्दै गयो । फिल्म प्राविधिकका रुपमा काम गर्छु भन्ने हेतुले मल्टीमिडिया कोर्ष पढ्न थालें । बलिउड, हलिउडको फिल्मको तुलनामा हाम्रो फिल्मको गुणस्तर निकै कम लाग्थ्यो । यो कुरा जहिल्यै मेरो मनमा खड्किइरहन्थ्यो । हाम्रो फिल्मको गुणस्तर पनि राम्रो होस् भन्ने लाग्थ्यो । मैले मल्टीमिडियामा डिप्लोमा कोर्ष सकेपछि नेपाली फिल्मको स्तरोन्नतिका लागि काम गर्नुपर्छ भन्ने निर्णय लिएँ । त्यही अनुरुप मैले किण्डल सिने स्टुडियोमा रंग संयोजकका रुपमा काम शुरु गरें । थुप्रै टेलिभिजन कमर्शीयल र म्युजिक भिडियोहरुमा रंग संयोजन गरें । आफ्नो कामलाई निखार्दै लगें । नेपालमा पहिलोपटक रेड फोरके क्यामराले खिचिएको फिल्म 'काठमाण्डू'मा रंग संयोजन गरें । यो फिल्ममा मेरो कामलाई सबैले मनपराइ दिनुभयो । यही फिल्म हेरेर रंग संयोजनको मार्फत फिल्मको गुणस्तर राम्रो बनाउन सकिने रहेछ भन्ने विश्वास सबैमा जाग्यो । नेपाली फिल्महरुमा रंग संयोजन गर्नुपर्छ भन्ने सुरुवात भयो । यसपछि नेपाली फिल्ममा रंग संयोजनको यात्रा शुरु गरियो ।

**रंग संयोजन कतिको चुनौतीपूर्ण छ ?**

पक्कै पनि चुनौतीपूर्ण काम हो । फिल्ममा रंग संयोजनको एकदमै ठूलो भूमिका हुन्छ । फिल्मको कथावस्तुलाई न्याय पुग्ने गरी रंग संयोजन गर्न सक्नुपर्छ । कथाको विषयबस्तु बुझ्न सक्नुपर्छ ।

**रंग संयोजनमा पोख्त हुनुहुन्छ । यस विषयमा आफूले अन्यलाई सिकाउनुभएको छ कि छैन ?**

अहिलेको डिजिटल युगमा धेरै युवाहरु रंग संयोजन सिक्न चाहिरहेका छन् । मसँग सम्पर्कमा आएका युवाहरुलाई यो विषयमा व्यक्तिगतरुपमा तालिम दिइरहेको छु । भविष्यमा रंग संयोजन सम्बन्धी पढाउने इनिष्टिच्यूट खोल्ने योजना छ ।

**आफ्नो कामबाट कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

एकदमै सन्तुष्ट छु । म सानैदेखि सिर्जनात्मक काम गर्न रुचाउने मान्छे भएकाले मलाई फरक काम गर्ने चाहना थियो । बाल्यकालदेखिको पेन्सिल स्केच कलाले फिल्मको रंग संयोजनमा डोहोऱ्याउन महत्वपूर्ण भूमिका खेल्यो । यो विधामा काम गर्दा आर्थिक र व्यावसायिक दुवै किसिमले सन्तुष्ट छु । मेरो काममा एकदमै वाहवाही पाएको छु र आफूलाई पुग्दो पैसा पनि कमाएको छु । मैले दिएको योगदानका कारण फिल्मको गुणस्तर वृद्धि भएकोमा एकदमै खुशी छु ।

**फिल्मकर्मीले रंग संयोजनबारे कत्तिको बुझेका छन् ?**

नेपालमा डिजिटल प्रविधि भित्रिनु अघि सेलुलोइड क्यामराबाट फिल्म खिच्ने चलन थियो । पहिले यो बारेमा बुझाई निकै कम थियो । तर, डिजिटल प्रविधि भित्रिएसँगै रंग संयोजनको महत्वको बारेमा बुझाई बढेको छ । पर्दा र प्रविधिको गुणस्तरमा ध्यान दिइयो । त्यहीकारण फिल्म हेर्नलायक बनाउनुपर्छ भन्नेमा फिल्मकर्मीको ध्यान गयो । फिल्म 'काठमाण्डू'बाट रंग संयोजनको काम शुरु गरेपछि फिल्मकर्मीले रंग संयोजनको महत्व बुझ्दै गए । पहिले कम चासो राख्ने फिल्मकर्मीको पहिलो प्राथमिकता नै अहिले फिल्मको रंग संयोजनमा जान थालेको छ ।

**आफ्नो कामबाट अवार्ड र सम्मान पनि पाउनुभएको होला नि ?**

अवश्य पाएको छु । थुप्रै फिल्म सम्बन्धी प्रतिस्पर्धाहरुमा निर्णायक भई काम गरेको छु । फिल्मको रंग संयोजन विधाबाट धेरै अवार्ड पनि जितेको छु । फिल्म सम्बन्धी सम्मानको संख्या पनि उल्लेख्य छ । फिल्मसँग सम्बन्धित संस्थाहरुमा पनि आवद्ध छु ।

**पारिवारिक समर्थन कस्तो पाउनुभएको छ ?**

मेरो कामबाट परिवार खुशी हुनुहुन्छ । जोकोही अभिभावक छोराछोरीको प्रगति हेर्न चाहन्छन् । मेरो प्रगतिबाट अभिभावक तथा परिवारका सदस्यहरु खुशी हुनुहुन्छ ।

**हाल कुन कुन फिल्महरूमा काम गरिरहनुभएको छ ?**

अहिले म 'तिम्रो मेरो साथ', 'पासो', 'कृष्णलीला', 'मनसँग मन', 'मन्जिल', 'सम्हालिन्छ कहिले मन' जस्ता नेपाली फिल्म र बलिउडका 'जय शम्भु', 'प्रेमगीत २'मा व्यस्त छु ।

भावी योजना के छ ?

म लामो समयदेखि रंग संयोजन विधामा सक्रिय छु । म आफ्नो अनुभवलाई नयाँ पुस्तामाझ बाँड्न चाहन्छु । पछिल्लो समय फिल्म अध्ययन गर्ने पुस्ताको संख्या उल्लेख्य छ । ती पुस्तालाई रंग संयोजनको विषयमा पढाउन चाहन्छु । त्यसका लागि रंग संयोजन सम्बन्धी इनिष्टिच्यूट खोल्ने योजनामा छु ।

## फेशन डिजाइनर काउन्सिलको सल्लाहकारमा कोरियोग्राफर झा नियुक्त




काठमाडौं/मस- फेशन डिजाइनर काउन्सिल अफ नेपालले आफ्नो सल्लाहकारमा कोरियोग्राफर अश्विनी कान्त झालाई नियुक्त गरेको छ । छैठौं वार्षिकोत्सवको उपलक्ष्यमा फेशन डिजाइनर काउन्सिल अफ नेपालका अध्यक्ष अमित झाले शनिबार आयोजित एक समारोहमा अश्विनी झालाई नियुक्ति पत्र प्रदान गरेका छन् ।

काउन्सिलका अध्यक्ष झाले विगत डेढ दशक भन्दा लामो समयदेखि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मंचहरुमा मोडलिङ्ग, ब्युटी पेजेन्ट तथा फेशन कोरियोग्राफिको अनुभव सम्हाल्नुका साथै उच्च सफलता हासिल गरेका कोरियोग्राफर झा नेपाल तथा अन्तर्राष्ट्रिय फेशन जगत र ब्युटी पेजेन्ट क्षेत्रलाई राम्ररी बुझेको र उनलाई सल्लाहकारको रुपमा संस्थाले पाउँदा उनको शिप, दक्षता तथा लामो समयको अनुभवलाई संस्थाको हितमा प्रयोग गर्न सके समस्त फेशन डिजाईनरका साथै यस फेशन डिजाइनर काउन्सिल अफ नेपालले पनि निकै लाभ लिन सक्ने बताए ।

उनले विभिन्न प्रतिष्ठित पुरष्कार तथा सम्मान द्वारा सम्मानित कोरियोग्राफर अश्विनी झाले आफ्नो निजी जिन्दगीमा पाएको सफलता सरह नै आफ्नो सल्लाह सुझाव र मार्गदर्शनले फेशन डिजाइनर काउन्सिल अफ नेपाललाई सफल बनाउन सहयोग पुऱ्याउने छन् भनि आशा व्यक्त गरे । यसैगरी सोही कार्यक्रममा काउन्सिलका अध्यक्ष झाले विगत पाँच वर्षमा संस्थाले गरेका कार्यहरु र प्रगतीहरु सम्बन्धी प्रकाश पारेका थिए ।

कार्यक्रममा कोरियोग्राफर अश्विनी झाले फेशन डिजाइनर काउन्सिल अफ नेपाललाई उक्त जिम्मेवारीको लागी योग्य ठानी दिएकोमा धन्यबाद दिँदै कोरियोग्राफर र फेशन डिजाईनर एक अर्काको परिपुरक रहेको बताए । कोरियोग्राफर झाले आफ्नो विगतको अनुभवलाई कोट्याउँदै आफ्नो सुरुवाती मोडलिङ गर्दाको दिनहरुदेखि नै उनलाई फेशन डिजाईनरहरुको एकदमै ठुलो साथ र सहयोग प्राप्त भएको आज कोरियोग्राफरको भूमिकामा रहँदा पनि आफ्नो सफलतामा फेशन डिजाईनरहरुको साथ र सहयोग रहेको बताए ।

उनले वर्तमान समयमा कोभिडको कारणले सम्पूर्ण क्षेत्रलाई प्रभाव पारेको र फेशन डिजाईनिङ क्षेत्रका साथै मोडलिङ र ब्यूटी पेजेन्ट क्षेत्रलाई झनै असर गरेको बताउँदै अब छिट्टै नै सबै मिलेर यस क्षेत्रलाई पुरानै अवस्थामा ल्याइ पुऱ्याउनेमा विश्वास व्यक्त गरे । कोभिड पूर्व समस्त नेपाली ब्युटी पेजेन्ट र फेशन जगतले विश्व मंचमा राम्रो उपस्थिति जनाउँदै गरेको अवस्थामा अवको दिनहरुमा अझै सशक्त र परिस्कृत रुपमा नेपाली फेशन डिजाईनरहरुको उपस्थिति रहने छ भनी आशा व्यक्त गरे ।

कार्यक्रममा अन्य वक्ताहरुले पनि कोरियोग्राफर झालाई संस्थामा स्वागत गर्दै आ-आफ्नो मन्तब्य र धारणा राख्नुका साथै काउन्सिलको विगतका ५ वर्षको उपलब्धी तथा कमी कमजोरीहरुको पनि समीक्षा गरे ।

# राप्ती रिभले सी डिभिजन छनोट खेल्ने



**दीक्षान्स खड्का/मध्यान्ह**
मकवानपुर, ९ साउन

मकवानपुरको मनहरी गाउँपालिका हाँडीखोलाको राप्ती रिभर युवा क्लब (आरआर वाइसी) ले सी डिभिजन लिग फुटबलको छनोट खेल्ने भएको छ। क्लबलाई व्यवसायिक बनाउँदै लिग फुटबलमा समेत पु¥याउनका लागि सी डिभिजन छनोट खेल्ने निर्णय गरेको हो।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले यही भदौ १ गतेबाट सी डिभिजन छनोट खेल सञ्चालन गर्दैछ। क्लबलाई ए डिभिजन लिगसम्म खेलाउने उद्देश्यले सी डिभिजन छनोटमा सहभागी हुन लागेको आरआर वाइसीका अध्यक्ष रेशम जम्कट्टेलले जानकारी दिए।

सी डिभिजन छनोट खेलमा सहभागी हुन जान लागेको क्लवले खेलाडीलाई आवश्यक प्रशिक्षण गराइरहेको छ। मकवानपुरबाट यसअघि हेटौंडाको विजय यूथ क्लबले छनोट खेल खेलेपनि छनोट हुन भने सकेन। क्लबले सी डिभिजन लिगको छनोट खेल्ने निर्णय गरेसँगै मनहरी गाउँपालिका र केही हेटौंडा उपमहानगरका खेलाडीलाई समेत समेटेर प्रशिक्षण सञ्चालन भैरहेको अध्यक्ष जम्कट्टेलले बताए। सी डिभिजन छनोटमा विजेता वा उपविजेता हुने टिमले मात्रै सी डिभिजन लिग खेल्न पाउने छ।

छनोटको लागि नेपालका विभिन्न स्थानबाट नाम चलेका क्लबहरुको सहभागिता रहने भएकोले आरआर वाइसीले पनि राम्रो तयारी गरिरहेको क्लबले जनाएको छ।

सी डिभिजन खेल्न काठमाडौंसहित झापा, रुपन्देही, वीरगञ्ज, सर्लाही लगायतका जिल्लाको नाम चलेका क्लबले छनौट खेलमा भाग लिँदैछन्।

सी, बी हुँदै क्लबलाई ए डिभिजन लिग खेल्नेसम्मको अवस्था निर्माण गर्ने योजना रहेको क्लव अध्यक्ष जम्कट्टेलले बताए। जिल्ला लिगसहित छिमेकी जिल्लाहरुमा हुँदै आएको विभिन्न प्रतियोगितामा सहभागिता जनाउँदै आएको क्लबलाई सी डिभिजन छनोट खेल्नको लागि ओरन्टो मल्टिट्रेड प्रा.लि कम्पनीका बोर्ड अफ डाइरेक्टर ईन्दिरा शाहले एकलाख ३५ हजार रुपैयाँ सहयोग गरेकी छिन्।

छनोट खेलका लागि करिब ५ देखि ६ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ।

## मैत्रीपूर्ण फुटबलमा प्रगति टोल विजयी

युवा समाज मकवानपुरको आयोजनामा हेटौंडा-९ मा मैत्रीपुर्ण फुटबल प्रतियोगिता सम्पन्न भएको छ। वडाको प्रगति टोल र त्रिवेणी टोलबीच शनिबार मैत्रीपुर्ण फुटबल भएको हो।

६० मिनेट भएको खेलमा प्रगति टोलले त्रिवेणी टोललाई २-० गोलअन्तरले पराजित गरेको थियो।

युवा समाज मकवानपुरका संयोजक हेलिस मोक्तानको सभाध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-९ का वडा अध्यक्ष लक्ष्मण प्रसाद भण्डारीको प्रमुख आतिथ्यता रहेको थियो।

यसैगरी मकवानपुर जिल्ला फुटबल संघका अध्यक्ष टिकाराम लामा, ए डिभिजन फुटबल खेलाडी अमिर श्रेष्ठको पनि उपस्थिति रहेको थियो। कार्यक्रममा फुटबल खेलाडी अमिर श्रेष्ठलाई मायाको चिनो प्रदान गरी सम्मान गरिएको थियो।

# सोनिया र कल्पना पराजित



**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ साउन

जापानको राजधानी टोकियोमा भइरहेको ३२ औं ग्रीष्मकालीन ओलम्पिक खेलकूदमा नेपालका सोनिया भट्ट र कल्पना परियार दुवै जना प्रतियोगिताबाट बाहिर भएका छन्। शनिबार भएको खेलमा सोनिया जुडोबाट र कल्पना सुटिङबाट आउट भएका हुन्। नेपालबाट सोनिया र कल्पनासँगै पौडीमा गौरिका सिंह र एलेक्जेन्डर शाह तथा एथ्लेटिक्समा सरस्वती चौधरीले प्रतिसपर्धा गरेका छन्। पौडी र एथ्लेटिक्सको इभेन्ट भने बाँकी नै रहेको छ। सिंहले महिला १०० मिटर फ्रि स्टाइल, शाहले पुरुष १०० मिटर फ्रि स्टाइल र चौधरीले महिला १०० मिटर दौडमा प्रतिस्पर्धा गर्ने छन्।

**टोकियो ओलम्पिक**

जुडो खेलाडी सोनिया भट्ट पहिलो खेलमै पराजित भएपछि उनको ओलम्पिक यात्रा समाप्त भएको छ।

भट्टले राउण्ड अफ ३२ अन्तर्गत महिला ४८ किलो तौल समूहमा रुसी खेलाडी इरिना डोल्गोभासँग हार ब्यहोरेकी थिइन्। जुडोको विश्व बरियतामा नेपालकी १९ वर्षीया भट्ट १२७औं स्थानकी खेलाडी हुन् भने रुसकी डोल्गोभा विश्व बरियताको नवौं स्थानमा छिन्। भट्टले डोल्गोभासित इप्पोनको आधारमा पराजय बेहोर्नुपरेको हो।

भट्टले सो खेलमा विपक्षी खेलाडसित एक मिनेट १६ सेकेण्डसम्म मात्र भिड्न सकिन। उनी वाइल्ड कार्डमार्फत टोकियो ओलम्पिकमा छनोट भएकी थिइन्।

भट्टले २०७६ मङ्सिरमा नेपालमै भएको १३औं दक्षिण एशियाली खेलकूद (साग) मा महिला ४८ किलोमुनिको तौलमा कास्य पदक प्राप्त गरेकी थिइन्।




शनिबार नै भएको सुटिङ स्पर्धामा नेपालकी कल्पना परियारले पनि पराजय भोगिन्। टोकियो ओलम्पिकमा २०६ देशका ११ हजार बढी खेलाडीले प्रतिस्पर्धा गरिरहेका छन्।

जारी ३२औं ग्रीष्मकालीन ओलम्पिक खेलकुदमा चीन पदक तालिकाको शीर्ष स्थानमा रहेको छ। चीनले हालसम्म तीन स्वर्ण र एक कास्यसहित चार पदक प्राप्त गरेको छ।

प्रतियोगितामा इटाली र जापान एक/एक स्वर्ण तथा दुई/दुई रजतसहित दोस्रो स्थानमा तथा दक्षिण कोरिया एक स्वर्ण र दुई कास्य पदक प्राप्त गर्दै तेस्रो स्थानमा रहेका छन्। यसैगरी इक्वेडर, हंगेरी, इरान, कोशोभो र थाइलैण्ड एक एक स्वर्ण जित्दै पदक तालिकाको चौंथो स्थानमा रहेका छन्।

यस्तै सर्विया, बेल्जियम, स्पेन, भारत, नेदरलैण्डस्, रोमानिया, चाइनिज ताइपेई र टयूनिसिया एक/एक रजत पदक प्राप्त गर्दै पाँचौं स्थानमा रहेका छन्। टोकियो ओलम्पिकमा सहभागी २०५ देशमध्ये हालसम्म २८ देशले पदक प्राप्त गर्न सफल भएका छन्।

# तेस्रो एक दिवसीयमा श्रीलंका विजयी

**काठमाडौं/एजेन्सी**–श्रीलंकाले तेस्रो तथा अन्तिम एक दिवसीयमा भारतलाई डकवर्थ लेविस पद्धतिको आधारमा ३ विकेटले पराजित गरेको छ। यो सँगै श्रीलंकाले तीन खेलको सिरिज २-१ ले गुमाएको छ। श्रीलंकाले घरेलु मैदानमा भारतसँग लगातार १० ओडिआई खेलको हार यो जितसँगै अन्त्य गरेको छ।

जितको लागि २ सय २७ रनको विजयी लक्ष्य पछ्याएको श्रीलंकाले ३९ ओभरमा ७ विकेटको क्षतिमा पूरा गर्यो। श्रीलंका जितमा ओपनर अविष्का फ्रेनान्डोले ९८ बलमा ४ चौका र १ छक्का सहित सर्वाधिक ७६ रनको योगदान दिँदै टोलीको जित पक्का गरे। अविष्का खेलको प्लेयर अफ द म्याच चुनिए। शीर्षक्रमका ब्याट्सम्यान भानुका राजपक्षेले ५६ बलमा १२ चौका सहित ६५ रनमा क्याच आउट भए। दोस्रो विकेटका लागि भानुका राजपक्षे र अविष्का फ्रेनान्डोले १ सय ९ रनको उत्कृष्ट शतकीय साझेदारी जित नजिक पुर्याएका थिए।

चरिथ असालन्का २४, मिनोद भानुका ७, धनन्जय डि सिल्भा २, कप्तान दासुन शनाका शून्य रनमा आउट हुँदा रमेश मेन्डिस १५ रनमा अविजित रहे। भारतका डेब्यू खेल खेलेका स्पिनर राहुल चाहरले १० ओभरमा ५४ रन खर्चेर ३ विकेट लिए। त्यस्तै डेब्यू खेल खेलका तीव्र गतिका बलर चेतन सकारियाले ८ ओभरमा ३४ रन खर्चेर २ विकेट लिए। स्पिनर कृष्णप्पा गौवथम र हार्दिक पान्ड्या नाममा एक एक विकेट रह्यो। त्यसअघि आर प्रेमाडासा स्टेडियम कोलोम्बोमा टस जितेर पहिला ब्याटिङ रोजेको भारत ४३.१ ओभरमा २ सय २५ रनमा अल आउट भएको थियो। वर्षाको कारण खेल केहि समय रोकिँदा ४७ ओभरमा झारिएको थियो। भारतका ओपनर पृथ्वी शाले ४९ बलमा ८ चौका सहित सर्वाधिक ४९ रनको योगदान दिए।

भारतलाई पहिलो विकेटका लागि ओपनर शिखर धवन र पृथ्वी शाले २।३ ओभरमा २८ रनको साझेदारी गरेका थिए। धवनलाई तीव्र गतिका बलर दुश्मन्था चामिराले १३ रनमा विकेटकिपर भानुका राजपक्षेबाट क्याच गराउँदै श्रीलंकालाई पहिलो सफलता दिलाए। धवनले ११ बलमा ३ चौका प्रहार गरे।

दोस्रो विकेटका लागि पृथ्वी र सन्जु स्यामसनले ७४ रनको साझेदारी गर्दै राम्रो सुरुवात दिलाएका थिए। १५ औं ओभरको पाँचौ बलमा कप्तान दासुन शनाकाले पृथ्वीलाई एलबिडब्लू आउट गर्दै दोस्रो सफलता दिलाएका थिए। १९ औं ओभरको चौथो बलमा स्यामसन प्रविन जयविक्रमकको बलमा अविष्का फ्रेन्नान्डोबाट ४६ रनमा क्याच आउट हुन पुगे। ओडिआईमा डेब्यू खेल खेलेका स्यामसनले ४६ बलमा ५ चौका र १ छक्का प्रहार गरे।

जयव्रिकमले मनिष पाण्डेलाई ११ रनमा क्याच आउट गराए। जयविक्रमलेनै २९ औं ओभरको तेस्रो बलमा हार्दिक पान्ड्यालाई १९ रनमा एलबिडब्लू आउट गरेपछि भारत दबाबमा परेको थियो।


## सार्वजनिक सुनुवाई कार्यक्रम

**प्रथम पटक प्रकाशित मिति : २०७८/०४/०९**

यस तिरुपति बालाजी पेन्ट्स प्रा.लि. द्वारा सुर्यविनायक नगर पालिका, वडा नं. ४, भक्तपुरमा वार्षिक ५० मेट्रिक टन डिस्टेम्पर, ७० मेट्रिक टन प्राइमर र ५० मेट्रिक टन इमल्सन उत्पादन क्षमता भएको उद्योग संचालन गर्न बागमती प्रदेश द्वारा जारी वातावरण संरक्षण ऐन, २०७७ अनुसार प्रारम्भिक बातावरणीय परिक्षण गर्ने सिलसिलामा सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने प्रावधान रहेको हुँदा तल देहाय बमोजिमको मिति, समय र स्थानमा सार्बजनिक सुनुवाई कार्यक्रम रहेको सबै मा जानकारी गर्दछौ।

**मिति** : २०७८/०४/१० गते आइतबार
**समय** : बिहान ठिक ०८ बजे
**स्थान** : उद्योग रहेको स्थान
**सम्पर्क** : ९८५१२०३४५३, ९८५११२१०४२

## कम्पनीको नाम तथा ठेगाना परिवर्तन गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०४/१०**

मैतिदेवी टुर्स एण्ड ट्राभल्स प्राइभेट लिमिटेडको मिति २०७८/०३/२८ गते सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०७८/०३/२९ गतेको निर्णयले स्वीकृती प्रदान गरे अनुसार **मैतिदेवी टुर्स एण्ड ट्राभल्स प्राइभेट लिमिटेड**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु ब्यहोर्नु पर्ने कर दायित्व आदि सकार्ने ब्यहोर्ने गरी साविकको नाम परिवर्तन गरी **एस. ए. हिमालयन टुर्स एण्ड ट्राभल्स प्राइभेट लिमिटेड** कायम गरिएको साथै साविक रजिष्टर्ड कार्यालय परिवर्तन गरी ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १० मा कायम गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**एस.ए.हिमालयन टुर्स एण्ड ट्राभल्स प्राइभेट लिमिटेड**
ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. १०

## Qatar मा रोजगार | कम्पनी: MARKHOR TRADING ANDCONTRACTING
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/०४/०५ | चलानी नं.: ६०१६०३५४ | L.T. No.: 242355

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | सा. काममा दक्ष | 1200 | ३९,१३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १७ गते (1 August 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अल- सहेली म्यानपावर प्रा. लि.**
पो.ब.नं.: २२४४, सामाखुसी-२६, टाउनप्लानिङ (श्रेष्ठ प्लाजा), काठमाडौं, नेपाल
फोन: ४३८७३७२, ४३८७७४०, फ्याक्स: ४३८७३२९, मो: ९८१८६१९७८०, E-mail : alsahelimanpower2010@gmail.com

## Cyprus मा रोजगार | कम्पनी : Mavromatis Employment Bureau Ltd | शहर: CYPRUS

पूर्व स्वीकृत मिति: २०७८/०४/०७ | चलानी नं.: ६०१६०५३९ | L.T. No.: 243046

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers | 0 | 15 | सम्बन्धित काममा दक्ष | 315 | ४३,९९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourers | 5 | 0 | सम्बन्धित काममा दक्ष | 455 | ६३,५५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७८ साउन १७ गते (1 Aug 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईआने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुनछ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नुहोला। ६. कामका विदेश जादा नेपालको विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुनछ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुढानगरमा सम्पर्क गर्नुहोला।

**APPS SERVICES PVT. LTD.**
Balkumari-8, Lalitpur, Nepal, Phone : 5186018

## साउदीमा रोजगार

**१. कम्पनी: SADER TRANSOPORT EST** — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०४/०७ | चलानी नं.: ६०१६०४७७ | L.T. No.: 242750

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | सा. काममा दक्ष | 1800 | ५७,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**२. कम्पनी: KUB INTERNATIONAL CONTRACTING** — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०४/०८ | चलानी नं.: ६०१६०४८५ | L.T. No.: 242596

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 8 | 0 | सा. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**३. कम्पनी: BUYUTAT AL BUKAYRIYAH BLACKSMITH ALUMINUM WORKSHOP** — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०४/०८ | चलानी नं.: ६०१६०४८६ | L.T. No.: 242546

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welder | 2 | 0 | सा. काममा दक्ष | 1500 | ४७,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**४. कम्पनी: ADWAA AL ARABIYA TRADING EST.** — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०४/०८ | चलानी नं.: ६०१६०४८८ | L.T. No.: 242856

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 25 | 0 | सा. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १७ देखि २४ गते सम्म (1 to 8 Aug. 2021) मा हुनेछ।

**५. कम्पनी: AAMAL CONTRACTING EST** — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०४/०७ | चलानी नं.: ६०१६०४७६ | L.T. No.: 242860

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 2 | 0 | सा. काममा दक्ष | 1000 | ३१,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**६. कम्पनी: RAMLET AL-BAYDA TRANSPORT CORPORATION** — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०४/०८ | चलानी नं.: ६०१६०४८४ | L.T. No.: 242245

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 10 | 0 | सा. काममा दक्ष | 1800 | ५७,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**७. कम्पनी: AL BAYADER TECHNICAL FOR TRANSPORTS EST** — शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०७८/०४/०८ | चलानी नं.: ६०१६०४८९ | L.T. No.: 243041

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 4 | 0 | सा. काममा दक्ष | 1800 | ५७,०२४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ साउन १७ गते (1 Aug. 2021) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादी जीवन बिमा कसले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाइ टिकट कसले दिने र कति लाग्ने | भिसा शुल्क कसले व्यहोर्ने | भिसा स्टाम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**Yatra H.R. Solution Pvt. Ltd.**
Gaurighat-7, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com
Gov. Lic No. 1096/073/074

वर्षा लाग्यो की चिन्ता बढ्यो । मुख्यतः काठमाडौंदेखि मुग्लिङ हुँदै नारायणघाट जोड्ने सडकले सधैं समस्या निम्त्याईरहेको छ । करीब २२ वर्ष अगाडी कृष्णभिरले धेरैलाई रुवाएको थियो । त्यसो त मुग्लिङ्ग-नारायणघाट सडकले प्रत्येक एक दशकमा निकै बढी र वर्षेनी भने वर्षामासमा निकै सास्ती दिन्छ । यो वर्ष पनि दुलाहा रोकिएको, बिरामी फर्किएको, ढुंगा खसेर आत्थु-आत्थु बनाएको र यात्रुहरु अलपत्र पर्नु परेको समाचारले धेरैको ध्यानाकर्षण गरायो । नेपालकै लाइफलाइन मानिने यो सडक खण्डमा वर्षेनी किन यस्तो समस्या आइरहन्छ ? तत्काल र दीर्घकालीन समाधानका उपाय के होलान् ? यस्तै सन्दर्भमा केन्द्रित रहेर मध्यान्हका समर शर्माले सो सडकको मुग्लीन मुकाममा ८ महिनादेखि कार्यरत वरिष्ठ इन्जिनियर अमृतमणि रिमालसँग केहि जिज्ञासा राखेका छन् । प्रस्तुत छ रिमालसँग गरिएको कुराकानीको सम्पादित अंश :

## ‘सडकमा समस्या देखिनुमा नीतिगत कमजोरी पनि छ’



**अमृतमणि रिमाल**, वरिष्ठ इन्जिनियर

**बाढी पहिरोले समस्या नबनाउने गरी सडक बनाउन सकिन्छ कि सकिँदैन् ? मुग्लिङ-नारायणघाट खण्डमा किन समस्या आईरहन्छ ?**

सकभर बाढीबाट बचाउने गरी नै सडक निर्माण गरीएको हुन्छ । विकसित भनिएका देशमा समेत कहिलेकाही समस्या त देखिएकै छन् । तर हाम्रोमा अलिकति बढी भएको देखिन्छ । यसो हुनुमा केहि समस्याहरु छन । खासगरी मुग्लिङ-नारायणघाट सडक ठूलो बनाउँदा कटिंग गर्नुपर्यो । त्यसले त्यहाँको भू-सन्तुलनमा समस्या पैदा गरेको छ । यो विषयमा थप अध्ययनको क्रममा छौं ।

**यस्तो हुनुका खास कारण के-के होलान ?**

हामी दिर्घकालीन योजनाका आधारमा सडक संरचना बनाउने कुरामा जोड दिँदै आएका छौं । त्यै पनि समयानुकुल व्यवस्थापन हुनसकेको छैन । फराकिलो बनाउँन खोज्दा हुने प्रकृतिमाथिको प्रयासलाई कहिलेकाँही प्रकृतिले नै सहन गर्न नसकेको देखिन्छ । भूगर्वमा डिस्टर्व हुँदा यस्तो बिपत्ति सहनुपर्दछ पनि । यसैगरी स्थानीय तहले जनसुविधाका नाउँमा बिना डिजाइन खनिएका शाखा सडकले जमिन थिल्थिल्याएको पनि देखिन्छ । खनिएका माटो र गेगरजति मुख्य सडकमा आएर थुप्रिने गरेको छ । मुग्लिङ-नौबिसे खण्डमा यो अर्को समस्या बनेको छ । बैरेनी बजार बालुवा भण्डार भएजस्तै धेरै ठाउँमा समस्या देखिएको छ ।



> सडक बनाउँदा थोरै पैसाले धेरै काम गर्नुपर्ने बाध्यताहरु छन । नेपालको निर्माण उद्योग संस्थागत, व्यवस्थित र प्रविधियुक्त बन्न सकेको छैन । अभ्यासमा रहेको सार्वजनिक खरिद ऐनका कारण पनि नतिजा राम्रो आउन सकेको छैन । १०० मा इष्टिमेट गरिएको काम प्रतिस्पर्धाका नाउँमा ६० मा गर्छु भन्नेलाई दिनुपर्ने हुन्छ । गर्दैन, राम्रो हुँदैन भनेर काम नदिने हो भने मुद्दा मामिलाको झन्झट व्यहोर्नु पर्ने हुन्छ ।

**यस्ता समस्या दोहोरिरहनुमा केहि नीतिगत विषयमा पनि जोडिएको देखिन्छ । तपाईँले कसरी हेर्नुभएको छ ?**

हो, केहि नीतिगत असहजताहरु पनि छन् । सडक बनाउँदा थोरै पैसाले धेरै काम गर्नुपर्ने बाध्यताहरु छन । नेपालको निर्माण उद्योग संस्थागत, व्यवस्थित र प्रविधियुक्त बन्न सकेको छैन । अभ्यासमा रहेको सार्वजनिक खरिद ऐनका कारण पनि नतिजा राम्रो आउन सकेको छैन । १०० मा इष्टिमेट गरीएको काम प्रतिस्पर्धाका नाउँमा ६० मा गर्छु भन्नेलाई दिनुपर्ने हुन्छ । गर्दैन, राम्रो हुँदैन भनेर काम नदिने हो भने मुद्दा मामिलाको झन्झट व्यहोर्नु पर्ने हुन्छ । यो सत्य हो की कोही मानिसले देश र समाजको सेवाका लागि भनेर ठेक्कापट्टामा हात हालेको हुँदैन । धेरै घटेर काम गर्न खोज्नेले कमसल बनाउन बाध्य हुन्छ ।



> नीतिगत लुपहोलमा पसेर काम गर्ने एक दुई घटनालाई लिएर आमकर्मचारीलाई जोडनु राम्रो होइन । हामीले बिल पास गर्ने र छाप लगाउने काम समेत सम्बन्धित व्यवसायीलाई नै दिने ब्यबस्था गर्न सक्यौं भने यस्तो आरोप आउने ठाउँ नै रहँदैन । हामीले यहि कुरामा जोड दिएका छौं ।

**सम्बद्ध कर्मचारी र निर्माण व्यवसायीको साँठगाँठ पनि यस्ता समस्यामा जिम्मेवार छन् भनिन्छ । यसलाई कसरी हेर्ने ?**

नीतिगत लुपहोलमा पसेर काम गर्ने एक दुई घटनालाई लिएर आमकर्मचारीलाई जोडनु राम्रो होइन । हामीले बिल पास गर्ने र छाप लगाउने काम समेत सम्बन्धित व्यवसायीलाई नै दिने व्यवस्था गर्न सक्यौं भने यस्तो आरोप आउने ठाउँ नै रहँदैन । हामीले यहि कुरामा जोड दिएका छौं । कमसल काम गयो, राज्यलाई ठग्यो भने सम्बन्धित कम्पनी जिम्मेवार बनाइ कडा कारबाही गर्न सक्ने व्यवस्थाका लागि हामीले विभागमार्फत कुरो बढाएकै छौं । अनियमितताको जालो तोडन र कमिशनतन्त्र ब्रेक गर्न हामीले ठोस पहल बढाउनु पर्ने भएको छ ।

**असार महिनाभरी नै मुग्लिङ-नारायणघाट सडक खण्डमा यात्रा गर्ने नागरिकहरूले निकै सास्ती पाए । तपाईँ त्यहि क्षेत्रको जिम्मेवारीमा रहँदा कहिलेसम्म समाधान होला ? नागरिकले के बुझ्ने ?**

हो, विगतका केहिबर्ष यता हेर्दा खासगरी मुग्लिङ- नारायणघाट क्षेत्रमा यो पटक बढि समस्या भयो । सडक विभागले राजमार्गमा अवरोध तथा पहिरो पन्छाउने सामानहरु तयारी अवस्थामा राख्दा राख्दै र काम गर्दा गर्दै पनि धेरै ठाउँमा प्रकोप बढेको कारण जटिलता भएजस्तो देखिएको हो । कुनै पनि विपत्ति बाजा बजाएर नआउने कुरो जानेरै हामीले सकेसम्म शिघ्र काम गर्नमा जोड दिँदै आएका छौं । अचानक र धेरै संख्यामा भएको क्षतिका बाबजुद् बाटो खुलाउन हामीले सकेसम्म कोशिस गरेका हौं । त्यहाँ शिव खनाललगायतको टिमले सकेसम्म प्रयास गरेकै हो ।

**यस्तोमा मुख्य सडकको यो समस्या सल्टयाउने रणनैतिक उपाय के-के हुन जस्तो लाग्छ ?**

सडकका योजना बनाउँदा नै खास ध्यान दिइनुपर्दछ । यसअघि मैले भनेको जस्तो दक्ष निर्माण व्यवसायीले आफैँलाई जिम्मेवार बनाउने परीपाटी बसालिनु पर्दछ । सार्वजनिक खरीदलगायतका केहि नीतिगत काम गर्नुपर्दछ । सडक विस्तार र मर्मतका काममा जाँदा जाली भर्ने र वृक्षारोपणका काममा बढि ध्यान पुऱ्याउनु पर्दछ । जमिन प्रयोगको नक्शा बनाइ योजनामा चल्नुपर्दछ । स्थानीय शाखा उपशाखा सडक बनाउँदा राजमार्गसँग प्रत्यक्ष समन्वय गरी काम गराउनुपर्दछ । यति गर्दागर्दै पनि समस्या विकसित देशमा पनि आएका छन् । हामीले यो मुख्य लाइफलाइनलाई यात्रा मैत्री बनाउन त्रिशुली तथा जोडिएका नदि र सडकका दुवै तर्फ रोड बनाउनु पर्दछ । सितापाइला धार्के सडक व्यवस्थित गर्नुपर्दछ । जुन बिषय हामीले विभाग र मन्त्रालयमा भन्दै आएका छौं ।

**यसबाहेक अरू विषय पनि केहि छन की ?**

म एउटा विज्ञानको विद्यार्थी भएपनि सरकारी सेवामा रहेर गरेको अनुभवका आधारमा लागेको कुरा के हो भने हामीले शिक्षा क्षेत्रलाई नीजिकरण गरेर मानव मनोविज्ञानलाई व्यक्तिवादी, स्वार्थी र पैसा मुखि बनाएका छौं । यसमा पुनरावलोकन हुन जरुरी छ । अहिले राज्य आफै समाजवादी भनेका बेला देशको जनशक्तिलाई तदअनुरुप अभिमुखिकरण गर्नुपर्दछ । अहिले पनि सडक प्रयोगकर्ताको व्यवहार सभ्यतामैत्री हुनसकेको छैन । लेन अनुशासन मानिदैन । यसका लागि सडकसँग जोडिने प्रशासन, प्रहरी, ट्राफिक प्रहरी तथा अन्य सुरक्षा निकायसँगको समन्वय चुस्त बनाउनु पर्दछ ।

## संक्षिप्तमा अर्थ

### ज्योति विकास बैंकले मनायो १३ औं वार्षिकोत्सव

**काठमाडौं/मस-** ज्योति विकास बैंकले श्रावण ९ गते शनिबारको दिन स्थापनाको १३ औं वार्षिकोत्सव मनाएको छ । हालको कोभिड महामारीको स्थितिलाई मध्यनजर गर्दै बैंकले सञ्चालक समितिका सदस्य, भुतपूर्व सञ्चालकहरु र कर्मचारीको उपस्थितिमा कमलपोखरीस्थित कार्यालय प्राङ्गणमा वार्षिकोत्सव मनाएको हो ।

बैंकका सञ्चालक समितिका अध्यक्ष हरि प्रसादले समारोहको अध्यक्षता गरेका थिए । साथै कार्यक्रममा विशिष्ट अतिथिको रुपमा राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष डा. महावीर पुन, बैंकका संस्थापक अध्यक्ष तथा शेयरधनी ध्रुव उप्रेती र संस्थापक शेयरधनी तथा भुतपूर्व अध्यक्ष ध्रुव कुमार भट्टराईको उपस्थिति रहेको थियो ।

वार्षिकोत्सवको अवसरमा बैंकले रक्तदान कार्यक्रम समेत आयोजना गरेको थियो । सोही समारोहमा ज्योति विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्व प्रयोजनार्थ स्थापना गरेको ‘हाम्रो विकास प्रवर्द्धन कोष’ मार्फत राष्ट्रिय आविष्कार केन्द्रलाई सो केन्द्रको ‘न्यानो नानी’ परियोजना- २ को लागि सहयोग प्रदान गरेको छ । नवजात शिशुको शारिरिक तापक्रम उचित राख्न प्रयोग हुने राष्ट्रिय आविष्कार केन्द्रको १२ वटा ‘न्यानो नानी’ बेबी वार्मर बनाउन बैंकले सहयोग गर्ने भएको हो ।

बैंकको तर्फबाट सञ्चालक समितिका सदस्य तथा बैंकको सामाजिक उत्तरदायित्व अन्तर्गतको कार्यक्रमहरु सञ्चालन गर्न निर्मित हाम्रो विकास प्रवर्द्धन कोषका संयोजक सुरेन्द्रबहादुर नेपालीले राष्ट्रिय आविष्कार केन्द्रको ‘न्यानो नानी’ परियोजनाको लागि १० लाख २० हजार प्रदान गरेका थिए ।

कार्यक्रममा अध्यक्ष हरि प्रसादले मन्तव्य प्रस्तुत गर्दै बैंकको १३ वर्षको यात्रालाई सफल र फराकिलो बनाउन योगदान दिने सम्पूर्णको स्मरण गर्दै अबको यात्रामा पनि सोहि अनुरुपको सहयोग प्रदान गर्न आह्वान गरेका थिए । साथै अध्यक्ष प्रसादले बैंकले समाजमा उद्यमी क्षमताको विकास गर्न सधैं क्रियाशील रहने र समाज तथा नागरिकबाट प्राप्त सुझावहरुलाई अनुसरण गरी अघि बढ्ने प्रतिबद्धता व्यक्त गरेका थिए ।

### भाइरल म्यासेज झुट भएको होण्डाको स्पष्टोक्ती




**काठमाडौं/मस-** केही दिनदेखि सामाजिक सञ्जालमा होन्डाको ७० औं वार्षिकोत्सवको शुभकामना म्यासेज भाइरल बनेको छ । भाइरल म्यासेजमा कम्पनीले बाइक जित्ने अफर दिएको उल्लेख छ ।

तर, भाइरल बनेको उक्त म्यासेज सत्य नभएको पाइएको छ । होण्डाको आधिकारिक बिक्रेता स्याकार ट्रेडिङ्ग कम्पनीले एक सूचना सार्वजनिक गर्दै यस्तो जनाएको हो । कम्पनीले सूचना गलत भएको भन्दै जोगिन पनि आग्रह गरेको छ । कम्पनीले सूचना नियोजित देखिएको र सामाजिक सञ्जाल प्रयोगकर्ताका व्यक्तिगत सूचना चोरी उद्देश्यले आएको बताउँदै जोगिन आग्रह गरेको छ ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

मध्यपुर थिमि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
थिमि, भक्तपुर
बागमति प्रदेश, नेपाल
जनहितमा जारी सन्देश
कोरोना भाइरसको दोस्रो लहरलाई कसरी रोकथाम गर्ने ?
कोरोना भाइरस संक्रमित व्यक्तिले खोक्दा, हाच्छिउँ गर्दा मुख र नाकबाट निस्किएको पानीका स-साना थोपा तपाईका आँखा, नाक र मुखमा पुगेपछि फैलन्छ । बिरामीबाट निस्किएको न्याल टाँसिएको ढोकाका चुकुल, कलम, भन्याङजस्ता वस्तु छुँदा र हात मिलाउँदा पनि भाइरस फैलन सक्छ ।
सामान्य लक्षण: रुघा लाग्नु शरीर दुख्नु | घाँटी दुख्नु | सास फेर्न अप्ठेरो हुनु | शुक्खा खोकी लाग्नु | ज्वरो आउनु
रोकथामका उपायहरू:
मास्कको प्रयोग गर्ने: खोकी लाग्दा डिस्पोज गर्न मिल्ने खालको टिस्यु पेपर वा मास्क प्रयोग गर्नुहोस र तत्काल डस्टबिनमा फ्याँक्नुहोस । एउटै मास्क एक दिन भन्दा बढी प्रयोग नगर्नुहोस ।
व्यक्तिगत सामान नबाँड्ने: कलम, माउस र डिजिटल उपकरण जस्ता अरुका व्यक्तिगत सामान प्रयोग नगर्नुहोस् ।
आफ्नो अनुहार नछुने: आफ्नै आँखा, कान र नाक नछुनुहोस । किनभने यहीँ बाट तपाईको शरीरमा भाइरस प्रवेश गर्न सक्छ ।
सामाजिक दूरी कायम गर्ने : सम्भव भएसम्म धेरै मानिस भेला हुने सभा सम्मेलनमा नजानुहोस् । किनभने त्यस्ता ठाउँमा बिरामी छ र कसलाई संक्रमण छ भन्ने तपाईलाई थाहा हुँदैन ।
राम्ररी हात धुने : शंकास्पद दूषित सतह छोएपछि साबुन पानीले राम्ररी हात धुने वा स्यानिटाइजर प्रयोग गर्ने ।
स्वास्थ्य सल्लाह लिन नहिच्कचाउने: बिरामी हुने बितिकै स्वास्थ्य सल्लाह लिनु राम्रो हुन्छ । भाइरसका लक्षण देखिए तत्काल चिकित्सकलाई देखाउनुहोस ।
आफ्नो मानसिक स्वास्थ्यलाई सबल राख्नुहोस
फुर्तिलो रहनुहोस : आफ्नो दिमाग र शरीरलाई हल्का व्यायाम, योग वा ध्यानजस्ता गतिविधिहरुमा संलग्न गराउनुहोस । आवश्यक परेमा विज्ञहरुको सहयोग लिन नहिच्किचाउनुहोस ।
फुर्तिलो रहनुहोस : कोभिड-१९ महामारीको अवस्था सबैका लागि तनावपूर्ण समय हो । च्याट वा भिडियो कलजस्ता प्रविधिको सदुपयोग गरी आफ्ना प्रियजनहरुसंग सम्पर्कमा रहनुहोस ।
मिथ्या र गलत समाचारबाट पन्छिनुहोस : सबैले मिथ्या र वास्तविक समाचारबीच भिन्नता बुझ्न जरुरी छ । तपाईले सामाजिक सञ्जालमा पढ्ने सबै सामग्री सत्य हुदैनन् । सकेसम्म सामाजिक सञ्जालमा बिताउने समय सीमित गर्नुहोस ।

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः **मदनकुमार श्रेष्ठ**